कोहलपुर नगरपालिका

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल



नगरसभा

२०७९ बाट पारित

आ.व. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम

विषय सूची

क्र.सं.	विवरण	पेज नं.
१	कोहलपुर नगरपालिकाको चिनारी	१
२	आ.ब. २०७९/०८० को नीति तथा कार्यक्रम	५
३	आ.ब. २०७९/०८० को बजेट बक्तव्य	१७
४	कोहलपुर नगरपालिकाको आर्थिक ऐन-२०७९	२४
५	कोहलपुर नगरपालिकाको विनियोजन ऐन-२०७९	६१
६	एघारौं नगर सभा पहिलो बैठकको कार्यसूची	१२८
७	एघारौं नगर सभा पहिलो बैठकको निर्णय तथा गतिविधिहरु	१३४
८	एघारौं नगर सभा दोस्रो बैठकको कार्यसूची	१३५
९	एघारौं नगर सभा दोस्रो बैठकको निर्णय तथा गतिविधिहरु	१३६
१०	एघारौं नगर सभा तेस्रो बैठकको कार्यसूची	१३९
११	एघारौं नगर सभा तेस्रो बैठकको निर्णय तथा गतिविधिहरु	१४५
१२	कोहलपुर नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु २०७९	१५५
१३	कोहलपुर नगरपालिकाका कर्मचारीको विवरण	१५८
१४	तलबी प्रतिबेदन	१६५
१५	कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७९/०८०	१७०
१६	कार्यक्रम तथा बजेटको कार्यान्वयन पुस्तिका	१७८

कोहलपुर नगरपालिकाको चिनारी

१. **कोहलपुर नगरपालिकाको संक्षिप्त परिचय** : कोहलपुर नगरपालिका तत्कालीन समयमा चटार गाउँ पञ्चायतका नामले चिनिएको थियो। वि.सं. २०२८ सालको गाउँ फर्क राष्ट्रिय अभियानका क्रममा शमशेरगंज गाउँ पञ्चायत पनि कोहलपुर सँगै विलय भई कोहलपुर गाउँ पञ्चायत नामाकरण भएको थियो। गाउँ फर्क राष्ट्रिय अभियानको समाप्ति पश्चात शमशेरगंज गाउँ पञ्चायत छुट्टै र साबिकको चटार गाउँ पञ्चायत हुने क्रममा चटार गाउँ पञ्चायतको नाम कोहलपुर गाउँ पञ्चायत भएको हो। साविक कोहलपुर गाउँ पञ्चायतको वडा नं. ३ (हाल कोहलपुर नगरपालिकाको वडा नं ११) मा काठका तोरी पेल्ने घरेलु कोलहरु भएका कारणले टाँढाटाढा बाट तोरी पेल्न आउने गरेको पाइन्छ। कोलहरु भएको ठाउँ भएकाले कोलपुर नाम रहन गएको र कालान्तरमा कोलपुर नै कोहलपुर हुन पुगेको पाइन्छ। यसै नामबाट साविकको कोहलपुर गाउँ पञ्चायत हुँदै कोहलपुर गाविस र हालको कोहलपुर नगरपालिका नामाकरण हुन गएको इतिहास पाइन्छ।

कोहलपुरका नागरिकहरु नगरवासीको रुपमा परिचित हुने चाहनालाई मुर्तरुप दिने बहस वि.सं. २०५४ साल देखि सुरु भएको पाइन्छ। तर १४ वर्षको प्रतिक्षापछि आ.व. २०६८/०६९ मा नेपाल सरकारको बजेट बक्तब्यमा कोहलपुर नगरपालिका घोषणाको कुरा औपचारिक रुपमा आएपछि कोहलपुर बासीहरुले बाजागाजा सहित स्वागत गरेका थिए। नगरपालिका घोषणा भएता पनि सो कुरा कार्यान्वयन नभएपछि कोहलपुर क्षेत्र नगरपालका बन्ने क्रममा अझै विलम्ब हुन गयो। यसपछि वि.सं. २०७१ साल बैशाख २५ गते नेपाल सरकारबाट नगरपालिका घोषणा कार्यान्वयन गर्ने निर्णय भए पछि २०७१ साल जेठ ७ गते औपचारिक रुपमा कोहलपुर नगरपालिकाको स्थापना हुन गयो। कोहलपुर नगरपालिका गठन गर्दा साविक कोहलपुर र रुझेना गा.वि.स. लाई समेटी १३ वटा वडाहरुमा विभाजन गरी कोहलपुर नगरपालिका गठन गरिएको थियो थियो भने पछि शम्शेरगंज गा.वि.स. लाई समेत समावेश गरेर १५ वडा रहेको नगरपालिका निर्माण गरियो। हाल यो नगरपालिका बाँके जिल्ला निर्वाचन क्षेत्र नं. १ मा पर्दछ। जसको वडागत विवरण यस प्रकार छ।

तालिका नं. १ नगरपालिकाको वडागत विभाजन

क्र सं	साबिक रझेना गा.वि.स.का वडाहरु	हालको कोहलपुर नगरपालिका कायम भएको वडा
१	वडा नं ५	वडा नं १
२	वडा नं ४	वडा नं २
३	वडा नं १ र २	वडा नं ३
४	वडा नं ३ र ९	वडा नं ४
५	वडा नं ८	वडा नं ५
६	वडा नं ६ र ७	वडा नं ६

साबिक कोहलपुर गाबिसका वडा हरु		हालको कोहलपुर नगरपालिका कायम भएको वडा
७	वडा नं ६ र ७	वडा नं ७
८	वडा नं ८	वडा नं ८
९	वडा नं ९	वडा नं ९
१०	वडा नं १ र २	वडा नं १०
११	वडा नं ३	वडा नं ११
१२	वडा नं ४	वडा नं १२
१३	वडा नं ५	वडा नं १३
शमसेरगंज गाबिसका वडाहरु		हालको कोहलपुर नगरपालिका कायम भएको वडा
१४	वडा नं ७, ८ र ९	वडा नं १४
१५	वडा नं १, २, ३, ४, ५र ६	वडा नं १५

२. **भौगोलिक अवस्थिति**:संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको लुम्बिनी प्रदेश अन्तर्गत तराई क्षेत्रको बाँके जिल्लाको उत्तर पश्चिम कुनामा अवस्थित कोहलपुर नगरपालिकाको पूर्वमा राप्तीसोनारी गाउँपालिका, दक्षिणमा जानकी गाउँपालिका, उत्तरमा सल्यान जिल्लाको चुरे पहाड श्रृंखलामा पर्दछ भने दक्षिणमा जानकी गाउँपालिका र नेपालगन्ज उपमहानगरपालिका पर्दछ। वि. सं. २०७१ वैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम वि.सं. २०७१ ज्येष्ठ ७ गते औपचारिक रुपमा साविकको रभेना गाविस र कोहलपुर गाविसको समायोजन भै कोहलपर नगरपालिकाको स्थापना भएको हो। यस पश्चात लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था पश्चात स्थानीय तह पूर्नसंरचनाका लागि गरिएको निर्णयानुसार साविकको शम्सेरगंज गाविसको समायोजन भैं १५ वटा वडा सहितको नगरपालिकाको प्रवद्धिकरण भएको हो। चुरे पहाडको श्रृंखलासंग जोडिएको यो नगरपालिका २८ डिग्री ७ मिनेट १२ सेकेण्ड देखि १८ मिनेट ५४ सेकेण्ड उत्तर अक्षांस तथा ८१ डिग्री ३८ मिनेट २४ सेकेण्ड देखि ८१ डिग्री ४९ मिनेट ५१.६ सेकेण्ड पूर्वी देशान्तरमा पर्दछ। जिल्ला सदरमुकाम नेपालगन्ज देखि १० कि.मी. टाढा उत्तरतर्फ रहेको यस नगरपालिकाको क्षेत्रफल १८४.२६ वर्ग कि.मी. रहेको छ। जातिय, धार्मिक, भाषिक, सांस्कृतिक, सामाजिक तथा राजनैतिक महत्व तथा विशेषता बोकेको यस कोहलपुरले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ।

३. **हावापानी** : यस क्षेत्रको हावापानी उष्ण प्रकृतिको रहेको छ। वार्षिक सरदर वर्षा १९१२ मि.मि. हुने गरेको यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ४५ डिग्री सम्म पुग्ने गर्दछ भने न्यूनतम तापक्रम ४ डिग्री सेल्सियसमा झर्ने गर्दछ। यसैगरी औषत सापेक्षित आद्रता ७१.४ प्रतिशत रहेको छ।

४. **राजनीतिक अवस्थिति** : संघीय लोकतान्त्रिक गणतन्त्रको प्रदेश नं. ५ को बाँके जिल्लाको उत्तरी भागमा अवस्थित यस नगरपालिकामा जम्मा १५ वटा वडाहरु छन् । कोहलपुर नगरपालिका प्रदेशको निर्वाचन क्षेत्र नं. १ को ख तथा प्रतिनिधी सभा निर्वाचन क्षेत्र नं. १ मा पर्दछ ।

५. **भू–उपयोग** : स्थानीय बासीका अनुसार मुख्य पेशा कृषि रहेको यस नगरपालिकामा अधिकांश खेतियोग्य जमिन समथर रहेको र बलौटे र चिम्टयाईलो माटो पाइन्छ । यस नगरपालिकामा केही ठाउमा मात्र सिंचाइको सुविधा उपलब्ध हुदै आएको छ। निर्माणाधिन सिक्टा सिंचाइ आयोजना सम्पन्न भएको अवस्थामा नगरक्षेत्रको अधिकांस भूभागमा सिंचाई सुविधा पुग्ने देखिन्छ। सिंचाई सुविधा नपुगेका स्थानहरूमा जमिन मुनिको पानीबाट समेत सिंचाई हुने गर्दछ। यहाँका कृषकहरूले धान, गहुँ, मकै, फलफूलका साथै विभिन्न थरिका बेमौसमी तरकारी बालीको पनि उत्पादन गर्ने गरेको पाइन्छ ।

६. **भू–धरातल तथा भिरालोपना** : लुम्बिनी प्रदेशमा अवस्थित यस नगरको अधिकांश भू-भाग समथर रहेको छ भने सल्यान चुरे पहाड श्रृंखलासंग जोडिएको क्षेत्रमा केही भिरालोपना रहेको पाइन्छ ।

७. **नदीनाला तथा तालतलैया** : यस नगरपालिका क्षेत्र को करिब ६० किलोमिटर क्षेत्रमा डुडुवाखोला, किरणनाला, सानो डुडुवानाला, इटानाला, रोहीणीखोला, रानीघाट लगायतका खोलाहरु बग्ने गर्दछन् । भूतैया ताल, जोरत्ते टप्पर, जोरत्ते सिमसार क्षेत्र र ताल यस नगरपालिकामा अवस्थित छन् ।

८. **पर्यटकीय, सांस्कृतिक र मनोरम स्थलहरू** : धार्मिक विविधतायुक्त यस नगरक्षेत्रमा कालिका मन्दिर, शिवमन्दिर, मनकामना मन्दिर, शिवालय, राधाकृष्ण मन्दिर, वैष्णोदेवी मन्दिर, जगन्नाथ किरण भवानी, रामजानकी मन्दिर, रानीघाट मन्दिर लगायतका दर्जनौ मन्दिरहरु छन् भने विलिभर्स चर्च, बेथेल चर्च गेश्चमी चर्च तथा जहामिया मस्जिद, जहाँमिया कादरी, बौद स्तुप लगायतका धार्मिक स्थलहरु छन् । यहाँका विभिन्न खालका धार्मिक स्थलहरुमा दैनिक औषत १८ जना आन्तरिक पर्यटक तथा धर्मवालम्बीहरु आउने गर्दछन् । गिद्धेनी चौर, मध्यवर्ती, भ्यू टावर, बन्दा, हात्तीसार, नमूना पिकनिक पार्क जस्ता पर्यटकीय महत्वका स्थलहरु छन् जसको उचित संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्न सकेमा नगर क्षेको पर्यटकीय व्यवसायमा विकास हुने देखिन्छ । पूर्वपश्चिम महेन्द्र राजमार्ग तथा प्रदेश नं. ६ र ७ को प्रवेशद्वारकोरुपमा अवस्थित यस नगरक्षेत्रको पर्यटन तथा होमस्टे व्यवसायले फड्को मार्ने देखिन्छ । यस क्षेत्रमा प्रत्येक दिन आगन्तुकको संख्या बढ्दै गइरहेको छ ।

९. **उपलब्ध सेवा तथा सुविधा** : शहरोन्मूख कोहलपुर नगरमा राज्यको राम्रो उपस्थितिको रुपमा नगर कार्यपालिकाको कार्यालय, पर्यटन कार्यालय, नगर शिक्षा कार्यालय, इलाका प्रहरी कार्यालय, क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल त्रिपुरा गण, मध्यपश्चिम पृतना तालिम शिक्षालय, उच्च माध्यमिक शिक्षा परिषद, आन्तरिक राजस्व कार्यालय, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलीकम, नेपाल टेलिभिजन क्षेत्रीय प्रशारण सेवा, सामुदायिक क्याम्पस, ६१ बालविकास केन्द्र २३ आधारभूत तहको सामुदायिक विद्यालय, १० माध्यमिक तहको सामुदायिक विद्यालय, १ सामुदायिक क्याम्पस, ५ नीजि तथा संस्थागत क्याम्पस, नर्सिङ्ग कलेज, ७ वटा नीजि प्ले ग्रुप तथा मन्टेश्वरी संस्था, २४ आधारभूत तहका संस्थागत विद्यालय, २२ वटा माध्यमिक तहका नीजि तथा संस्थागत विद्यालय, १ मेडिकल कलेज, शिक्षण अस्पताल, ३ वटा स्वास्थ्य चौकी, ३ वटा नीजि अस्पताल, १ आयुर्वेद औषधालय छन् । यसका बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाहरू, लक्षित वर्ग सञ्जाल, सामुदायिक वन उपभोक्ता समिति, स्थानीय युवा क्लब, आमा समुह, बचत तथा स्वावलम्वन समुहहरू छन् । यसका साथै यस नगरपालिकामा सुशासन, स्थानीय शासन, सामाजिक मेलमिलाप लगायतका विभिन्न विषयगत क्षेत्रमा विभिन्न गैरसरकारी संघसंस्थाहरूले कार्य

गरिरहको पाइन्छ। विद्युत सेवाको रुपमा यस नगरपालिकाका नागरिकहरूले नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रसारणबाट प्राप्त गरिरहेका छन्। नेपाल टेलिकमको जिएसएम र सिडिएमएको टावर रहेको यस नगरपालिकाका अधिकांश नागरिकहरूमा मोबाइलको पहुँच वृद्धि भएको पाइन्छ। पूर्वपश्चिम महेन्द्र राजमार्ग तथा प्रदेश नं. ६ र ७ को प्रवेशद्वारको रुपमा अवस्थित यस नगरक्षेत्रमा आन्तरिक सडक सञ्जालीकरणको सन्तोषजनक विकास भएको पाइन्छ।

१०. **जनसंख्याको तुलनात्मक अवस्थाः** साविकका तीन वटा गा.वि.स. कोहलपुर, रम्भेना र शम्सेरगंज गा.वि.स.लाई समायोजन गरी स्थापना गरिएको यस नगरपालिकामा साविकका तीनै गा.वि.स. को वि. सं. २०६८ सालको जम्मा घरपरिवार १५४८३ र जनसंख्या ७०६४७ रहेको थियो भने वि.सं. २०७३ को घरधुरी सर्वेक्षणमा घरपरिवार र जनसंख्या बढेर क्रमशः १७,६८९ र ८७,३०० पुगेको थियो। वि.सं. २०७८ को जनगणनामा कोहलपुरको जनसंख्या १,००,२८९/ र परिवार संख्या २४,३४६ पुगेको प्रारम्भिक नतिजामा उल्लेख छ। २०६८ देखि २०७३ सम्मको जनसंख्यालाई विश्लेषण गर्दा जनसंख्याको वृद्धिदर ३.५३ रहेको पाइन्छ।

कोहलपुर नगरपालिका

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख श्री पुर्ण प्रसाद आचार्यज्यूद्वारा एघारौं नगर सभामा प्रस्तुत

आ.ब. २०७९/०८० को नीति तथा कार्यक्रम

(२०७९ असार ८)

कोहलपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

मितिः २०७९/०३/०८

सम्मानित सभाका सदस्यज्यूहरु,

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई अनुसरण गर्दै प्रजातान्त्रिक परिपाटीको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्न संवैधानिक व्यवस्था अनुसार स्थापित कोहलपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम गरिमामय नगरसभाको एघारौ अधिवेशनमा सम्बोधन गर्न पाउँदा गौरवान्वित महसुस गरिरहेको छु।

२. संघीयता सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनार्थ बलिदान गर्ने, २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, २०६२/०६३ को दोस्रो जनआन्दोलनका साथै सबै खाले नागरिक अधिकार प्राप्तिको लागि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना लगायत विभिन्न कालखण्डमा सशस्त्र तथा शान्तिपूर्ण आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु। साथै आन्दोलनको नेतृत्वकर्ता र योगदान प्रदान गर्ने सम्पूर्ण सम्मानित अग्रजहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

३. स्थानीय तह सदस्य निर्वाचन, २०७९ बाट हामीलाई निर्वाचित गराउनुहुने सम्पूर्ण मतदाताहरु, निर्वाचन सम्पन्न गराउन आ-आफ्नो स्थानबाट महत्वपूर्ण भूमिका खेल्नुहुने महानुभावहरु एवं निकायहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

४. हामी निर्वाचित भई गठन भएको नगरसभाको पहिलो एवं कोहलपुर नगरपालिकाको एघारौं नगर सभामा वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा हामीले जनतामाझ गरेका प्रतिवद्धता एवम् चुनावी घोषणापत्र, नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नागरिकका मौलिक हक र दायित्व, नेपाल सरकारको चालु आवधिक योजना तथा प्रदेश सरकारको आवधिक योजनाका प्राथमिकताहरु, स्थानीय सरकार सञ्चालन ऐनमा भएका व्यवस्थाहरु, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गदर्शन, दिगो विकास लक्ष्य, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धी महासन्धीहरु, नगरपालिकाको प्रथम आवाधिक योजना तथा मध्यकालीन खर्च संरचनाका प्राथमकिताहरु, आम नगरवासीका चाहाना र यहाँका सम्भावनालाई समेटी विकासका सबै क्षेत्रहरुलाई समेट्ने गरी आधार लिईएको छ। साथै एकीकृत विकासको अवधारणामा, सबैको साझा प्रयासबाट नै यस अवधिमा हाम्रो कोहलपुर नगरपालिका नागरिकका लागि भरोसा योग्य सरकारको रुपमा स्थापित गर्ने यस नीतिको प्रमुख उद्देश्य रहेको छ।

५. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान र समानीकरण अनुदान तथा राजस्व बाँडफाँड शीर्षकबाट प्राप्त हुने रकम र यस नगरपालिकाको अनुमानित आन्तरिक राजस्वलाई समेत आधार बनाई यस आ.व. २०७९/२०८० को नीति तथा कार्यक्रम तयार पारिएको छ।

सभामा उपस्थित नगर सभा सदस्यज्यूहरु,

अब म नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाले प्राथमिकतामा राखी लिने प्रमुख नीतिहरु प्रस्तुत गर्न चाहान्छु।

प्रमुख प्राथमिकताका नीतिहरुः

६. नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवाको बारेमा सूसुची गर्न, गुनासो व्यवस्थापन गरी सुशासन कायम गर्न एवं एम्बुलेन्स र विपद (दमकल) व्यवस्थापनमा सहज हुने गरी एक टोल फ्री (निःशुल्क फोन गर्न सकिने) नम्बर संचालनमा ल्याई नगरपालिकामा कल सेन्टर एवम् समन्वय केन्द्र स्थापना गरिनेछ। साथै डिजिटल कोहलपुर अवधारणालाई प्राथमिकताका साथ लागु गरिनेछ।

७. निर्वाचनको बखत कोहलपुर बासी आमाबुवा दाजुभाई एवम् दिदीबहिनीहरुसँग गरिएका प्रतिबद्धता पूरा भए नभएको जानकारी लिई हाम्रा नीति तथा कार्यक्रमहरुमा समयानुकूल परिमार्जन समेत गर्न, हामीले गरेका कार्यहरुको जनतामाझ जानकारी गराउन एवं विभिन्न विषयहरु संवोधन गर्न प्रत्येक महिना नगर प्रमुख आफै जनता समक्ष उपस्थित हुने र अन्तर्क्रियामा भाग लिने गरी "**जनतासँग मेयर**" कार्यक्रम संचालनमा ल्याईनेछ।

८. यस नगरपालिकामा श्रम शक्ति आवश्यक पर्ने प्रतिष्ठान एवम् पटके कार्यको लागि त्यस्तो जनशक्ति उपलब्ध गराउन एवम् बेरोजगार (सीप युक्त र सीप नसिकेका) व्यक्तिहरुलाई रोजगारीमा आवद्ध गर्ने उद्देश्यका साथ एक रोजगार बैंक वा श्रम बैंकको स्थापना गरी मर्यादित काम र ज्यालालाई नगरपालिकाले नै प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ।

९. नगरपालिका भित्र बसोबास गर्ने अति विपन्न, दलित समुदाय एवम् लक्षित वर्गका विद्यार्थीहरुलाई प्राथमिकता दिई उच्च शिक्षा (स्नातक तह) सम्म निःशुल्क अध्ययनको लागि मासिक शुल्कमा छुट हुने गरी छात्रवृत्ति उपलब्ध गराउन सरकारी विश्वविद्यालयका आंगिक क्याम्पससँग सहकार्य गरिनेछ।

१०. कोहलपुर नगरपालिकाको सामाजिक विकास, पूर्वाधार विकासका अलावा आर्थिक विकासमा समेत टेवा पुऱ्याउने गरी नगरपालिकाको समग्र आर्थिक अवस्था विश्लेषण गरी आर्थिक वर्ष सुरु भएको ३ महिना भित्र प्रतिवेदन (श्वेतपत्र) तयार गरी सो को आधारमा नगरपालिकाको नीति, बजेट, योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ।

११. हाल नेपालमा देखिएको पेट्रोलियम पदार्थको अत्याधिक खपत एवम् सोको बढ्दो मुल्यको कारण व्यापार घाटा र आर्थिक रुपमा देशलाई नोक्सानी भईरहेको साथै पेट्रोलियम पदार्थको दहनबाट प्रदुषण समेत वृद्धि हुने भएको हुँदा सो को न्यूनीकरण गरी स्वदेशमा उत्पादित विद्युतको उच्चतम् प्रयोग गर्न र प्रदुषण न्यूनीकरण गरी हरित नगर निर्माण गर्ने उद्देश्यका साथ वृक्षारोपण कार्यक्रम एवम् नगरपालिका क्षेत्रमा विद्युतीय सवारी साधनको प्रयोग, विद्युतीय चुल्होको प्रयोग लगायत विद्युत खपत हुने उद्योग धन्दाहरुलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ। सो विषय सम्बोधन गर्न आगामी आर्थिक वर्षमा नगरपालिकामा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधीहरुले आफूले विद्युतीय सवारी साधन खरिद गर्दा नगरपालिकाले सहकार्य गरी सो कार्यक्रम क्रमशः नगरवासीसम्म विस्तार गरिनेछ। नगरपालिकाले आगामी दिनमा पदाधिकारी/कर्मचारीले प्रयोग गर्ने सवारी साधन खरिद गर्दा विद्युतीय सवारी साधन मात्र प्रयोग गरिनेछ।

१२. नगरपालिकामा विभिन्न विषयको अध्ययन अनुसन्धान गरी नगरपालिकालाई सुझाव सल्लाह दिई नीति निर्माणमा टेवा पुऱ्याई नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले विभिन्न विषयका विज्ञहरु संलग्न भएको एक विज्ञ समूह (कोहलपुर नीति समूह) गठन गरी कार्यान्वयनमा ल्याईनेछ।

१३. नगरपालिका क्षेत्रभित्रको पर्यटकीय सम्भावना, लगानी, व्यापार व्यवसाय प्रर्वद्धन गर्न सघाउ पुऱ्याउने गरी कोहलपुर नगरपालिकालाई माया गर्ने प्रबुद्ध व्यक्तित्वहरुलाई सद्भावना दूत नियुक्त गरी निजहरु मार्फत पालिकाले थप लाभ लिने व्यवस्था मिलाईनेछ।

१४. नगरपालिकाको भावी स्वरुप कस्तो हुने भन्ने विषयमा नगरपालिकाका पदाधिकारी भन्दा बाहिरबाट पनि रचनात्मक सुझाव संकलन गरी सकारात्मक सुझाव कार्यान्वयन गर्ने उद्देश्यका साथ देश विदेशमा रहेका योजनाकार, नवप्रतिभा एवम् विज्ञहरु बीच नीति प्रतिस्पर्धा (Vision Competition) गरी उत्कृष्ट सुझाव प्रस्ताव नगरपालिकाले ग्रहण एवम् पुरस्कृत गरिनेछ।

सभामा उपस्थित नगर सभा सदस्यज्यूहरु,

अब म नगरपालिकाले आर्थिक वर्ष २०७९/८० को आर्थिक विकास तर्फका नीतिहरु प्रस्तुत गर्न चाहन्छु।

आर्थिक विकास क्षेत्र :

१५. कृषिको बैज्ञानिकीकरण तथा व्यवसायीकरण गर्दै निर्वाहमूलक कृषिलाई उत्पादनमुखी बनाउँदै निर्यात उन्मुख बनाउन नगरपालिका भित्रका मुख्य बाली उत्पादन क्षेत्रको पहिचानका आधारमा कृषि पर्यटनमा आधारित अर्गानिक कृषि उत्पादन क्षेत्र, तरकारी, धान, गहुँ, दलहन, तेलहन, मौरीपालन, बेमौसमी तरकारी खेती तथा कृषि बजारमुखी व्यापारिक क्षेत्र र विशेष कृषि पकेट क्षेत्र कार्यक्रम तय गरी सञ्चालन गरिनेछ।

१६. "**युवाको जवानी कोहलपुरमा लगानी**" भन्ने नाराका साथ उत्पादन मूलक क्षेत्रमा युवा सहभागिता बढाइने छ। साथै विदेशबाट रोजगारी गुमाएर फर्किएका युवालाई लक्षित गरी कृषि पेशामा आकर्षण गर्न प्रतिफलमा आधारित अनुदान सहितको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. कृषि व्यवसायमा लागत घटाई उत्पादकत्व वृद्धि गर्ने गरी यान्त्रिकिकरण गर्ने र कृषि प्राविधिकलाई कृषक घरदैलो भेटघाट तथा प्राविधिक सेवा उपलब्ध गराउने नीति लिईनेछ।

१८. कृषक पाठशाला सञ्चालन गरी कृषकहरुलाई तालिम, उत्पादन वृद्धिका लागि भकारो सुधार तथा प्लाष्टिक टनेलको व्यवस्था, नगर स्तरीय कृषि मेला र माटो परीक्षणको व्यवस्था गरिनेछ।

१९. आलु, लसुन, प्याज, मसुरो, बेसार, धनिया जस्ता नगदेबालीको उत्पादन र बजारीकरणका कार्यक्रम संचालन गरिनेछ। कृषि तथा पशुपंक्षीको व्यावसायिक साना तथा मझौला कृषि फर्म स्थापना गरी संचालन गर्न प्रोत्साहन गरिनेछ र उत्पादित खाद्यान्नको भण्डार गर्न खाद्यान्न भण्डार घर निर्माण गर्ने नीति लिइनेछ।

२०. साझेदारीमा फलफूलको बगैंचा र कोहलपुर भित्र रहेका मिनी पार्क निमार्णका लागि केहि रकम नगरपालिकाले दिने गरी कार्यक्रम सञ्चालन गरिनेछ। बाटोको सौन्दर्यकरणका लागि वृक्षारोपण र संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

२१. खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बालीको पहिचान गरी साना व्यवसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रम संचालन गरिनेछ। कोहलपुर नगरपालिकाको वडा नम्बर ७, ८ र १३ लाई पशुपालन पकेट क्षेत्र र सिक्टा सिचाई आयोजनासँग जोडिएका वडालाई अन्नबाली पकेट क्षेत्रको रुपमा विकास गर्न क्रियाकलाप संचालन गरिनेछ। अन्य क्षेत्रमा सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्र कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

२२. बीउ धान उत्पादन गरी नगरपालिकालाई बीउ धानमा आत्मनिर्भर बनाउने कार्यक्रमको सफलतालाई कायम गर्दै निर्यात हुने गरी सो किसान कार्यलाई निरन्तरता दिईनेछ। हिउँदे मकै र चैते धान प्रवर्द्धन कार्यक्रमलाई विशेष बजेटको व्यवस्था गरिनेछ।

२३. कृषि व्यवसायलाई आधुनिकिरण गर्न प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजनासँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

२४. लोपोन्मुख तथा रैथाने जातका कृषि बालीहरुलाई प्रवर्द्धन गरी बजारीकरण एवम् निर्यातका लागि प्रोत्साहन गरिनेछ।

२५. पशुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान समेत गरी दुध र मासु उत्पादन वृद्धि गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२६. विगतका वर्षहरुमा नगरपालिकाले कृषि तथा पशुपालन क्षेत्रमा गरेको लगानी एवम् पकेट क्षेत्र लगायतका कार्यक्रमहरुको प्रतिफल तथा प्रगतिको अनुगमन समीक्षा गरी निरन्तरता दिने वा परिमार्जन गर्ने नीति लिईनेछ।

२७. घर दैलोमा नै प्राविधिकको सेवा, कृषि उत्पादनमा टेवा नारासहित यस नगरपालिकाका सबै वडामा कृषि तथा पशु प्राविधिकका माध्यमबाट घरदैलोमा गई उपचार तथा परामर्श सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२८. आन्तरिक पर्यटन प्रवर्द्धन गर्न खड्गावार होमस्टे, कोहलपुर भ्यू टावर, थारु संग्रहालय लगायतका नगरपालिका क्षेत्र भित्र सम्भाव्य पर्यटकीय स्थल सहितको जानकारी मुलक सन्देश तथा अडियो भिडियो तयार पारी पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम संचालन गरिनेछ।

२९. विगतमा संचालन भई हाल बन्द रहेको वडा नम्बर १४ हवल्दारपुर स्थित पशुपंक्षी हाट बजार संकलन केन्द्रलाई संचालनमा ल्याइनेछ।

३०. कोहलपुर नगरपालिकाको वडा नं ४ , १३ र १५ लगायतका सम्भाव्य क्षेत्रलाई तरकारी पकेट क्षेत्रको रुपमा विकास तथा विस्तार गरिनेछ।

३१. सडक दुर्घटना न्यूनीकरणका लागि नगर क्षेत्रभित्र छाडा चौपाया नियन्त्रण गरी ट्राफिक व्यवस्था सहज गरिनेछ। साथै सडकका मुख्यचोकमा ट्राफिक बिट तथा लाइटको व्यवस्था गरिनेछ।

३२. एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरि सो को व्यवस्थापनको लागि स्वयम्सेवक प्राविधिक समेत परिचालन गरिनेछ।

३३. सरकारी, नीजि क्षेत्र र सहकारी क्षेत्रको सहकार्य/साझेदारीमा युवा स्वरोजगारमुलक कार्यक्रम संचालन गरिनेछ। स्थानीय सीप एवम् परम्परागत सीप व्यवसायलाई प्रवर्द्धन गरी आत्मनिर्भर बनाईने नीति लिईनेछ।

३४. नगरपालिकाका विपन्न, एकल महिला एवम् लक्षित वर्गका महिलालाई लक्षित गरी अटो रिक्सा एवम् साना सवारी साधन संचालन तालिम र प्राविधिक सहयोग गरी उद्यमशिल बनाइने नीति लिईनेछ।

३५. सहकारी क्षेत्रलाई विकास साझेदारीको रुपमा लिइनेछ। सहकारी क्षेत्रको पूँजीलाई नगरको विकासमा परिचालन हुने नीति बनाईनेछ। सहकारी मार्फत कृषि उपजको बिक्री वितरण गर्ने गरिनेछ।

३६. आगामी आर्थिक वर्षमा सीपमूलक तालिमहरु संचालन गर्दा मागमा आधारित भई कम्तीमा १०० जना युवाहरुलाई सीप सिकाई स्वरोजगार बनाईनेछ।

३७. कम्तिमा १५ जनालाई रोजगार उपलब्ध गराउन सक्ने नयाँ व्यवसाय, उद्योग स्थापना हुने स्थान सम्म पूर्वाधार निर्माणमा सहयोग पुग्ने नीति लिइनेछ। साथै नगर क्षेत्रमा ठुला व्यवसाय/उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

सामाजिक क्षेत्रः

नगर सभाका सदस्यज्यूहरु,

अब म सामाजिक विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

शिक्षाः

३८. नगरपालिकाका शैक्षिक योजना, शैक्षिक गुणस्तर सुधार कार्ययोजनाहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। शैक्षिक हबको खाका अनुसार विस्तृत गुरुयोजना निर्माण कार्यलाई मूर्त रुप प्रदान गरिनेछ।

३९. कोहलपुर नगरपालिकामा सफल रुपमा सम्पन्न शिक्षक तथा बालविकास शिक्षक दरबन्दी मिलान कार्यक्रमको समीक्षा गरिनेछ। साथै विद्यालयको आवश्यकताका आधारमा विषयगत शिक्षक मिलान गरिनेछ। विद्यालयको विकास, शिक्षामा पहुँच र गुणस्तर सुधारका लागि सामुदायिक-सामुदायिक तथा संस्थागत-संस्थागत विद्यालय गाभ्ने नीति कायमै राखिनेछ।

४०. संस्थागत विद्यालयहरुको स्तरीकरण तथा वर्गीकरणलाई निरन्तरता दिइनेछ। संस्थागत विद्यालयको वर्ग अनुसारको शुल्क सम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ। संस्थागत विद्यालयहरुबाट लिँइदै आएको व्यवसाय कर हटाई संस्थागत विद्यालयहरुलाई सामाजिक उत्तरदायित्वका लागि नगर शिक्षा कोष स्थापनामा सहभागी गराई आम्दानीको निश्चित प्रतिशत जम्मा गरिनेछ।

४१. विद्यालय स्थापना, कक्षा थप, स्थानान्तरण र नामाकरणलाई कार्यविधिका आधारमा थप व्यवस्थित गरिनेछ। गुणस्तरीय शिक्षाका लागि विद्यालयको तह थप गर्ने कार्यलाई सकेसम्म निरुत्साहित गरिनेछ।

४२. नगरको कम्तीमा एक आधारभूत विद्यालयलाई आधुनिक प्रविधिमैत्री नमूना अपाङ्गमैत्री आवासीय विद्यालयको व्यवस्था गरिनेछ। नगरस्तरमा माध्यमिक तहमा विविधता व्यवस्थापन सहितको एक आवासीय नमूना विद्यालयको व्यवस्था गरिनेछ।

४३. नगरपालिका क्षेत्रभित्र विभिन्न धर्म, कला, संस्कृतिलाई सम्वर्द्धन र संरक्षण गरिनेछ। कला र साहित्य क्षेत्रमा नवप्रतिभा खोज तथा प्रोत्साहन गरिनेछ। सो का लागि कोहलपुरको भाषा, कला, संस्कृति, साहित्य कला लगायतका विषय संरक्षण र प्रवर्द्धनका लागि एक "**कोहलपुर बाङ्मय प्रतिष्ठान**" गठन गरिनेछ।

४४. शैक्षिक सत्र २०७९ देखि नगरपालिकाको आफ्नै स्थानीय पाठ्यक्रम लागु गरिनेछ र आधारभूत तहमा स्थानीय पाठ्यक्रम अनुसारको स्रोत सामग्री वा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। साथै सिकलसेल एनिमिया सम्बन्धी पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

४५. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ। चालु आ.व. २०७९/०८० देखि माध्यमिक तहमा कक्षा ९-१२ को शिक्षा निःशुल्क हुने व्यवस्थालाई कार्यान्वयन गरिनेछ।

४६. विद्यालय छाडने प्रवृत्तिलाई न्यूनीकरण गर्न "**विद्यालय शिक्षामा ल्याउने, टिकाउने र सिकाउने**" कार्यका लागि दिवा खाजा कार्यक्रम तथा विद्यार्थी प्रेरित कार्यक्रम ल्याइनेछ।

४७. नगर क्षेत्रका विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड वितरण तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम गरिनेछ। किशोरी प्रजनन स्वास्थ्यका लागि "**मेरो पहिलो रजश्वला**" सचेतना कार्यक्रम संचालन गरिनेछ। संस्थागत विद्यालयमा अध्ययनरत बालिकाहरु तथा सामुदायिक क्याम्पसमा अध्ययनरत छात्राहरूको लागि समेत निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनेछ।

४८. कोहलपुर नगरपालिकाका माध्यामिक तह (९-१२) का विद्यालयहरुमा विद्यार्थीहरुको जीवन उपयोगी सीप ज्ञान तथा क्षमता अभिवृद्धिका लागि पाठ्यक्रम भन्दा बाहिरको विषयवस्तुहरु लाई समेटी पाठ्यक्रम तयार गरिनेछ।

४९. बालविकास र कक्षा १ मा शत प्रतिशत विद्यार्थी भर्नाको लक्ष्य हासिल गर्न वडा शिक्षा समितिलाई जिम्मेवार बनाइ परिचालन गरिनेछ। हरेक वडाबाट प्रत्येक शैक्षिक वर्षको भर्ना अभियान शुरु हुनु अगावै वडाले ४ वर्ष र ५ वर्ष उमेर

पुगेका र अन्यत्रबाट बसाइसराइ गरी आएका घरपरिवारका विद्यालय जाने उमेरका बालबालिकाहरुको विवरण सार्वजनिक गर्ने र उक्त विवरण शिक्षा शाखा र विद्यालयलाई उपलब्ध गराउने व्यवस्था लागू गरिनेछ।

५०. विद्यालयमा आर्थिक प्रशासन चुस्त दुरुस्त पार्नका लागि आधारभूत तथा माध्यमिक विद्यालयमा लेखा कर्मचारी व्यवस्थापन गरिनेछ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत विद्यालय शिक्षा प्रमुख संशाधनका रुपमा लिइनेछ।

५१. प्रधानाध्यापक सशक्तिकरणका लागि प्रधानाध्यापकको विद्यालय शैक्षिक सुधार योजनाका आधारमा आर्थिक सहायता सहितको "**मेरो विद्यालय, मेरो जिम्मेवारी**" कार्यक्रम ल्याइनेछ।

५२. विद्यालयमा करारमा नियुक्त गरिने शिक्षक तथा कर्मचारी नियुक्तिलाई पारदर्शी एवम् प्रतिस्पर्धामा आधारित हुने गरी कार्यविधि मार्फत व्यवस्थित गरिनेछ।

५३. शैक्षिक अनुभव आदानप्रदान तथा क्षमता विकासका लागि शिक्षा समिति पदाधिकारी, शाखा कर्मचारी, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षक सहितको शैक्षिक अवलोकन भ्रमणको आयोजना गरिनेछ।

५४. हरेक वडामा वडा शिक्षा समिति गठन गरिनेछ। शिक्षकको पेशागत क्षमता विकासका लागि समय समयमा पेशागत क्षमता विकास तालिम, पुर्नताजगी तालिम, सूचना तथा संचार प्रविधि तालिम संचालन गरिनेछ।

५५. अभिभावक संघको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ। सामुदायिक विद्यालयको प्राथमिक कक्षामा अंग्रेजी भाषा विकास तथा विस्तारका लागि शिक्षक प्रोत्साहन कार्यक्रम लागु गरिनेछ।

५६. न्यून खर्चमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्वयंसेवक शिक्षकको व्यवस्थापन गरिनेछ। विद्यालयको भौतिक पूर्वाधार सबल सक्षम र सुदृढ बनाउन योजना निर्माण गरिनेछ।

५७. नगरपालिकाभित्र रहेका विद्यालयमा खेलकुद पूर्वाधार विकास तथा जनशक्ति व्यवस्थापन गरिनेछ। टिनको छानारहित विद्यालय विकासको लागि भवन निर्माण तथा मर्मत सम्भारका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

५८. कोहलपुर नगरपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयहरुमा शुद्ध र तातो-चिसो खानेपानीको उपकरण जडान गरिनेछ। सबै विद्यालयहरुमा साझेदार संस्थाहरूको सहकार्यमा पानीसहितको शौचालय, परिवर्तन गृह, प्राथिमक उपचार तथा आराम कक्ष, विपद् व्यवस्थापन र आकस्मिक स्वास्थ्य सुरक्षाका लागि तोकिएको (डेडिकेटेड) स्थान र आधारभूत स्रोत साधनहरुको व्यवस्था गरिनेछ।

५९. नगरपालिकाको एउटा आधारभूत एवम् एउटा प्राथमिक विद्यालयलाई विकास गर्नका लागि दुई वटा नमूना विद्यालय तोकिनेछ।

६०. सामुदायिक सिकाइ केन्द्रको पुनर्गठन गरी समुदायमा स्थापना गरिनेछ। सामुदायिक शिक्षाको मूल अवधारणा अनुरुप सक्रिय बनाइने छ।

६१. सामुदायिक विद्यालयमा हाजिरी मेशिन जडान गरी विद्यालय आउने जाने समयलाई नियमित गरिनेछ। साथै अनुगमनका लागि प्रत्यक्ष तथा सफ्टवेयर मार्फत अनुगमन गरिनेछ।

६२. शिक्षा तर्फका गतिविधिहरुलाई डिजिटल माध्ययमबाट प्रकाशन प्रशारण गरिनेछ। नगर शिक्षाबाट आधिकारिक डिजिटल प्लेटफर्म (युट्युब च्यानल) संचालनमा ल्याई असल अभ्यासहरुको आदान प्रदान समेत गरिनेछ।

६३. नगरपालिका भित्र रहेका सामुदायिक पुस्तकालयहरूको सुदृढीकरण तथा व्यवस्थापन गरिनेछ। पुस्तकालय संस्थागत सुदृढीकरणका लागि पुस्तकालय सम्बन्धी तालिम संचालन गरिनेछ।

६४. अपाङ्गता भएका बालबालिकाहरुका लागि सहायक सामग्री र स्रोतसामग्रीहरु वितरण गर्ने नीति ल्याइनेछ।

६५. सबै सामुदायिक विद्यालयमा प्रविधि विस्तारको लागि इन्टरनेट जडान तथा डिजिटल प्रविधिलाई प्राथमिकतामा राखिनेछ । आधारभूत र माध्यमिक विद्यालयका विद्यार्थीहरुका लागि विद्यालयमा आधारित तहगत अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६६. माध्यमिक विद्यालयमा अध्ययनका लागि टाढा जानुपर्ने बालबालिकाहरुका लागि सहायक सामग्री तथा साइकल वितरण गरी अध्ययनका लागि प्रोत्साहन गरिनेछ । अपाङ्ग तथा असाहय विद्यार्थीहरुलाई आवासीय विद्यालयहरुमा अध्ययन गर्ने व्यवस्था क्रमशः गरिनेछ ।

६७. विद्यालयको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रधानाध्यापक तथा कर्मचारीहरूलाई प्रोत्साहन कार्यक्रम राखिनेछ । कार्यसम्पादन तथा योगदानका आधारमा शिक्षाप्रेमी बुद्धिजीवि तथा शिक्षकहरूलाई सम्मान गरिनेछ ।

६८. बाल विकास केन्द्रमा कार्यरत शिक्षक दरबन्दी मिलान कार्यविधिका आधारमा स्वैच्छिक अवकाश लिने बाल शिक्षकहरूलाई "**सुनौलो कोशेली**" सहित बिदाइ गरिनेछ । प्रतिस्पर्धाको आधारमा योग्य शिक्षकहरुलाई मात्र सेवामा निरन्तरता दिईनेछ ।

६९. नगरपालिकाको शिक्षा क्षेत्रको सुधारमा टेवा पुऱ्याउने उद्देश्यले नगर स्तरीय अविभावक संघ गठन गरी कार्यान्वयनमा ल्याईनेछ ।

७०. राजमार्गसँग जोडिएका विद्यालयहरुको मूलगेट सकेसम्म राजमार्ग भन्दा अलग दिशातर्फ पर्ने गरी क्रमशः व्यवस्थापन गरिनेछ । विद्यालयक्षेत्रमा सम्भावित दुर्घटना न्यूनीकरण गर्न आवश्यक व्यवस्थापकीय कार्य गरिनेछ ।

स्वास्थ्यतर्फः

७१. मातृशिशु स्वास्थ्यलाई प्रवर्द्धन गर्न गर्भवती महिला र नवजात शिशुको स्वास्थ्यलाई ध्यान दिई सुनौला हजार दिनको कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न मातृशिशु पोषण कार्यक्रम लागु गरिनेछ ।

७२. नगर पालिकाको वडा नम्बर २ मा निर्माणाधीन बाल अस्पताललाई **सुशील कोईराला बाल अस्पताल** नामाकरण गरी सोलाई प्रादेशिक अस्पतालको रुपमा विकास गर्न सम्बन्धित निकायमा समन्वय गरिनेछ । सर्पको डसाईबाट वर्षेनी कतिपय मान्छेको ज्यान जाने गरेको हुँदा सोबाट हुने क्षति न्यूनीकरण गर्न नगरपालिकाको उपयुक्त स्थानमा सर्पदंश उपचार केन्द्र स्थापना गरिनेछ ।

७३. कोहलपुर नगरपालिका वडा नं. ११ नगर अस्पताल भवन निर्माणलाई निरन्तरता दिई २ वर्ष भित्र पुरा गरी संचालनमा ल्याइनेछ । आधारभूत नगर अस्पतालमा एम.बि.बि.एस. डाक्टरको सेवालाई निरन्तरता दिई थप जनशक्ति सहित उपचारलाई व्यवस्थित बनाईनेछ । साथै आगामी आ.व. देखि शमशेरगंज स्वास्थ्य चौकीबाट समेत चिकित्सकीय सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ । स्वास्थ्यकर्मीलाई USG सम्बन्धी तालिम र उपकरणको व्यवस्था गरिनेछ ।

७४. सिकलसेल एनिमिया तथा थालेसेमियाका बिरामीलाई स्क्रिनिङ्ग पछिको व्यवस्थापन गर्न नगरक्षेत्रमा रहेका विशेषज्ञहरुको समन्वयमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ र सिकलसेल ल्याब संचालन सुधार ल्याईनेछ र आगामी आर्थिक वर्षमा अस्पतालमा मृगौंलाको डायलाईसिस् सेवा संचालन गर्न तयारी गरिनेछ ।

७५. नगरपालिकामा अत्यावश्यक हुने रक्त सेवालाई परिपूर्ति गर्ने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरु आयोजना गरी रक्तदान कार्यक्रम संचालन गरिनेछ । रक्तदाता र प्रापकको सम्बन्ध स्थापित गर्न सूचना प्रविधिको उच्चतम् प्रयोग गरिनेछ ।

७६. दीर्घसेवा गरी अवकास हुने महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाई सम्मान सहितको अवकासको व्यवस्था गरिनेछ । साथै कार्यरत महिला स्वयम्सेविकाहरुको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

७७. गाउँघर क्लिनिकलाई निरन्तरता दिँदै गर्भवती तथा सुत्केरी आमाको नियमित जाँच कार्यक्रमलाई निरन्तर गराइनेछ। पाठेघर स्क्रिनिङ् क्याम संचालन एवं स्वास्थ्य चेकजाँच गर्न घुम्ती शिविर संचालन गरिनेछ। गर्भवती महिलाहरुका लागि निःशुल्क क्यालसियमको व्यवस्था गरिनेछ। प्रत्येक महिनाको एक दिन वडागत रुपमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

७८. संस्थागत विकास अन्तर्गत सबै स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई विभिन्न किसिमका तालिम एवं क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उचित तवरले उत्प्रेरित गर्ने क्रियाकलापहरु संचालनमा ल्याईनेछ।

७९. सबै वडाहरुमा रहेका स्वास्थ्य संस्थाहरुलाई सुविधा सम्पन्न बनाइ सेवा प्रवाह गरिनुका साथै आँखा, मुटु, दम तथा श्वासप्रश्वास, मृगौला, पाठेघर सम्बन्धी रोग लगायतका बिरामीहरुलाई लक्षित गरि हरेक महिना वडागत रुपमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

८०. कोहलपुर नगरपालिका भित्र रहेका सम्पूर्ण नीजि स्वास्थ्य संस्थाको वर्गीकरण भौतिक तथा जनशक्तिको अवस्था र सेवा प्रवाहको अवस्था समेतको तथ्याङ्कीय अभिलेख राखी सामाजिक उत्तरदायित्व अन्तर्गत सेवा प्रवाहमा सहभागी गराइनेछ। नीजि स्वास्थ्य संस्थाको विकासमा आवश्यक नीति तर्जुमा गरिनेछ।

८१. लागु औषध दुव्यर्सनमा लागेका युवा तथा किशोर/किशोरीहरुलाई पुर्नस्थापनाको व्यवस्था गरि लागु पदार्थ दुव्यर्सन विरुद्ध सामाजिक चेतना अभिवृद्धि गरि व्यक्ति, समुदाय र विद्यालयको सहभागितामा विविध कार्यक्रम गरिनेछ।

नगर सभाका सदस्यज्यूहरु,

अब म नगरपालिकाको पूर्वाधार विकास तर्फका नीतिहरु प्रस्तुत गर्न चाहन्छुः

८२. आर्थिक वर्ष २०७८/७९ मा प्रारम्भ गरिएका नगरस्तरीय गौरवका एवं पूर्वाधारतर्फका आयोजनाहरु समयमै सम्पन्न हुन नसक्ने अवस्थालाई मध्यनजर गरी उक्त योजनाहरु पूर्णता दिने गरी बजेट व्यवस्थापनको नीति लिईनेछ।

८३. पटक पटक म्याद थप भएका र निर्माणमा ढिलाई भएका एवं साना साना योजनाहरु चालु आर्थिक वर्षभित्रै सम्पन्न हुन नसकेमा त्यस्ता योजनाहरुको म्याद थप नगरी निर्माण कार्यमा ढिलाई गर्ने निर्माण व्यवसायीलाई दण्ड र पुरस्कारको नीति लिईनेछ।

८४. दीर्घकालीन विकासका संरचना तयार पार्ने कामलाई निरन्तरता दिदै हरेक वडा केन्द्रलाई नगरको केन्द्र र हरेक गाउँबस्तीलाई वडाको केन्द्र जोड्ने गरी पूर्वाधारको निमाणलाई प्राथमिकता दिईनेछ।

८५. वडा नं. २ मा प्रदेश र संघीय सरकारसगँको सहकार्यमा कभर्डहल तथा बाल अस्पताल, वडा नम्बर १० मा कोहलपुर चिल्ड्रेन पार्क तथा थारु म्युजियम, वडा नम्बर १५ मा पेडारी नालामा पक्की पुल निर्माण र वडा नम्बर १० को हाइस्कुल चोक, वडा नम्बर ११ को साझाचोक र न्युरोड चोकमा आकाशे पुल निर्माणको कार्यलाई अगाडि बढाउन प्रदेश सरकार एवं संघीय सरकारसँग समन्वय गरिनेछ।

८६. नगरको विकास निर्माणको काममा संलग्न हुने निर्माण व्यवसायी, डकर्मी, सिकर्मी र उपभोक्ता समितिहरुको लागि सीप र दक्षता बृद्धि गरी थप क्षमता विकास गर्न अभिमुखिकरण गरिनेछ।

८७. नगरपालिकाभित्र रहेका भुमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको बसोबासको व्यवस्थापन गर्ने कार्य यसै आर्थिक वर्ष भित्र पुरा गरिनेछ।

८८. सरसफाई, हाम्रो पहिचान भन्ने नाराका साथ नगरपालिका भित्र सरसफाई अभियान टोल सुधार समिति मार्फत अभियानको रुपमा संचालन गरिनेछ। सवारी साधनबाट सडकमा कुनै किसिमको फोहोर फाल्न नदिने गरी नियम बनाई सो को पालनामा कडाई गरिनेछ।

८९. वडा नं. २ तेह्र विगाहमा नगरपालिका स्तरीय खेलमैदान बनाइने छ, एक वडा एक खेलमैदानका रुपमा, खेल मैदानहरुलाई क्रमशः विकास गरिनेछ।

९०. बैंक तथा वित्तिय संस्थाहरुलाई नगरपालिकाले पहिचान गरेका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ। योजना तथा बजेटको आकार हेरी ठेक्का टेन्डर गर्दा आवश्यकता अनुसार बहु-वर्षीय ठेक्का गरि निर्माण कार्य संचालन गरिने छ।

९१. विषयगत क्षेत्रका बाहेक पूर्वाधार क्षेत्रका योजनाहरु समयमै गुणस्तरीय किसिमले सम्पन्न गर्न समयमै ठेक्का बन्दोबस्ती गरिनेछ। १० लाख भन्दा ठूला सबै र आवश्यकता अनुसार अन्य योजनालाई समेत प्रतिस्पर्धाको माध्यमबाट ठेक्का व्यवस्थापन गरिनेछ।

९२. चालु आर्थिक वर्षमा समयमै सम्पन्न हुन नसक्ने योजनाहरु अन्त्य गरी ठूला र नगर गौरवका योजनाहरुमा बजेट अभावका कारण सम्पन्न हुन नसकेका अधुरा योजनाहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

९३. विकास साझेदार संघ, संस्था तथा कार्यालय संग समन्वय गर्दै साझेदारीको लागि म्याचिङ् फण्डमा आवश्यक बजेटको व्यवस्था गरिने छ।

९४. नगरपालिकामा हुने घर नक्सा पास गर्दा लिईंदै आएको धरौटी रकम नलिई घर धनीले निर्माण कार्य गर्दा हुने सार्वजनिक संरचनाको क्षति घरधनी स्वयमूले व्यहोर्ने गरी नीति बनाईनेछ।

९५. नगरपालिकाका विभिन्न धर्म एवम् रीतिरिवाज मान्ने समुदायलाई समेट्ने गरी उपयुक्त स्थानमा शव दाह गृह तथा समाधिस्थल निर्माणको कार्य प्रारम्भ गरिनेछ। साथै अन्तरपालिका समन्वयमा शव दाह स्थलको वैकल्पिक व्यवस्थापन गरिनेछ।

९६. नगरपालिका क्षेत्र भित्र अव्यवस्थित रुपमा रहेका विद्युत तथा टेलिफोनका पोलहरु हटाईने तथा स्थानान्तरण गरिनेछ। खानेपानी तथा विद्युतसँग सहकार्य गरी कार्य गरिनेछ।

९७. नगरपालिका क्षेत्रका राजमार्ग जोड्ने एवम् मापदण्ड पुगेका सडकहरुको क्रमशः स्तरोन्नती गर्दै लगिनेछ।

९८. नगरपालिकाको आफ्नै एकीकृत प्रशासनिक भवन स्थापना गर्न भवन निर्माण कार्य अघि बढाईनेछ।

९९. नगरपालिकाको घुईयाबारी सल्यान सडक खण्डको निर्माण कार्य अघि बढाउन संघीय एवम् प्रदेश सरकारसँग समन्वय गरिनेछ। सो का लागि आवश्यक पर्ने विस्तृत परियोजना प्रतिवेदन एवं प्रारम्भिक वातावरणीय परीक्षण तयार गरिनेछ।

१००. आगामी आर्थिक वर्षमा नगरपालिकाको प्रमुख प्राथमिकता पहिचान गरी सम्पूर्ण वडाहरुबाट माग गरी एक योजना बैंक स्थापना गरिनेछ।

१०१. नगरपालिका क्षेत्रमा विज्ञान संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

१०२. "**एक घर दुई विरुवा हामी आफै कुरुवा**" भन्ने मूल नाराका साथ आथिक वर्ष २०७९/८० देखि घर नक्सा पास गरी निर्माण गर्ने धनीले नयाँ घरको निर्माण सम्पन्न प्रमाण-पत्र लिनु पुर्व कम्तिमा दुई वटा बिरुवा अनिवार्य रुपमा रोपि संरक्षण गरेको प्रमाणका आधारमा प्रमाणपत्र जारी गरिने नीति लिईनेछ।

१०३. जोखिमबाट प्रभावित क्षेत्रहरुको पहिचान गरी विपद् व्यवस्थापन पूर्वतयारी योजना निर्माणका साथै विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१०४. समुदायसंगको साझेदारीमा फोहोर मैला व्यवस्थापन गर्दै जाने नीति अनुरुप फोहरको वर्गीकरण तथा व्यवस्थापन गरिनेछ। फोहर व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने व्यक्ति व्यवसायीलाई सम्मान गरिनेछ।

१०५. प्लाष्टिकको झोला प्रयोग कार्यलाई निरुत्साहित गर्दै वातावरणमा प्रतिकूल प्रभाव पार्ने प्लाष्टिक झोलाको विकल्प खोजी गरिने नीति लिइनेछ।

१०६. विपद् पीडित नागरिकलाई राहत तथा पुर्नस्थापना कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि नगरपालिकामा विपद् सूचना केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ।

१०७. डिप एवम् समरसिबल पम्पको अत्याधिक जडान एवम् पानीको उपयुक्त रिचार्जको अभावका कारण हुने भूमिगत पानीको समस्यालाई निराकरण गर्न डिप एवम् समरसिबल पम्प जडान गर्दा चार किल्लाका सँधियारको सहमति लिई सम्बन्धित वडाबाट अनुमति लिएर मात्र बोरिङ् गर्नुपर्ने नीति लिईनेछ। नीजि घरमा पानीको रिचार्ज सिस्टम बनाउने घरधनीलाई नक्सापास दस्तुरमा १० प्रतिशत छुट दिईने नीति लिईनेछ।

१०८. विपद् जोखिम न्यूनीकरणको लागि नगरपालिकाको आफ्नै विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

१०९. बाँके राष्ट्रिय निकुञ्जका वन्यजन्तु बस्तीमा पसी हुने वन्यजन्तु मानव द्वन्द्व न्यूनीकरणका लागि तारजाली र उचित प्रबन्ध गर्न सम्बन्धित निकायमा समन्वय गरि जंगली जनावारबाट हुने मानवीय क्षतिको उचित क्षतिपूर्तिको लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ। साथै बाघको आक्रमणबाट निधन भएका नागरिकलाई रु.एक लाख क्षतिपूर्ति दिइने व्यवस्था गरिनेछ र पशुधनको हकमा आवश्यक व्यवस्था गरिनेछ।

न्यायिक क्षेत्रः

११०. न्यायिक समितिको सेवालाई विश्वसनीय बनाउन नागरिक अन्तक्रिया र छिटो छरितो न्याय सम्पादनको लागि विद्युतीय प्रणालीको व्यवस्था मिलाईनेछ। न्यायिक विकासका लागि साझा अवधारणा निर्माणका लागि बहस तथा पैरवी कार्यक्रम संचालन गरिनेछ।

१११. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरि संचालन गरिनेछ। न्यायिक समिति एवं मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र

११२. आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन र विभाजन गरिनेछ। आयोजना र कार्यक्रमको संख्याभन्दा गुणात्मक पक्षलाई जोड दिइनेछ। राजस्व संकलन, योजना तथा कार्यक्रमहरु कार्यान्वयनलाई आ.व.को शुरु महिनामा नै कार्ययोजना, जिम्मेवारी सुनिश्चित गरी सबै आयोजना र कार्यक्रमहरु यथा समयमा सम्पन्न गरिने आधार तयार गरिनेछ।

११३. योजना तथा कार्यक्रम अनुगमन प्रक्रियालाई प्रभावकारी तथा वैज्ञानिक बनाईनेछ। ५ लाख माथिको सम्पूर्ण योजनाहरुको अन्तिम बिल एवम् रनिङ् बिल भुक्तानी गर्दा नगर स्तरीय अनुगमन समितिको सिफारिसमा फरफारक गरिनेछ। सो भन्दा कम लागत अनुमान भएका योजना वडा समितिबाटै अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

११४. बोलपत्र एवम् दरभाउपत्रबाट सम्झौता भए पश्चात ठेक्कामा घट भएको रकमबाट नगर कार्यपालिकाको निर्णयले नयाँ योजना बनाई एक भन्दा बढि योजनाहरुको एकमुष्ट टेण्डर गर्ने नीति लिईनेछ।

११५. विस्तृत परियोजना प्रतिवेदन एवम् कोटेशनबाट हुने निर्माण खरिद प्रक्रियालाई पारदर्शी मितव्ययी र प्रतिस्पर्धी बनाउन औचित्य र आवश्यकताको आधारमा पूर्व स्वीकृती लिएर मात्र सार्वजनिक सूचना आव्हान गर्ने नीति लिइनेछ।

११६. सम्पूर्ण वडाहरुमा टोल विकास संस्थाहरु गठन गरी कार्यान्वयनमा ल्याईनेछ।

११७. सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणलाई अनिवार्य शर्तका रुपमा अवलम्वन गरी उत्तरदायित्व, पारदर्शिता र सुशासन अवलम्वन गरिनेछ।

११८. नगरपालिकाको वार्षिक नीति, कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन सुपरिवेक्षण एवम् अनुगमन संयन्त्रलाई प्रभावकारी बनाईनेछ।

११९. शिक्षा, स्वास्थ्य लगायत अन्य क्षेत्रको आधारभूत तथ्यांकहरु अध्यावधिक गरी संघीय सरकारबाट तयार गरिने सफ्टवेयरमा नगर प्रोफाइल तयार गरिनेछ।

१२०. साबिक स्थानीय निकायबाट समायोजन भई आएका कर्मचारीहरुको वृति विकासका लागि आवश्यक ऐन, नियम, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गरिनेछ। नगरपालिका अन्तरगतका वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राखी कार्यसम्पादनमा प्रभावकारीता कायम गर्न प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

१२१. कर्मचारीलाई आर्थिक वर्षको सुरुमै जिम्मेवारी तोकि कार्यसम्पादन नतिजाको आधारमा उच्च मनोबल सहित कार्य गर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गरिनेछ।

१२२. संघीय सरकारको नीति अनुरुप यस नगरपालिका र अन्तर्गत रहेका कर्मचारीको वृत्ति विकास गरी उच्च मनोबलका साथ काम गर्न प्रोत्साहित गरिनेछ।

१२३. लोकतन्त्र र मानवअधिकारको पालन गर्न गराउन सचेतनामूलक कार्यक्रम संचालन गरिनुका साथै बालमैत्री, छुवाछुतमुक्त, पूर्ण खोप, पूर्ण सरसफाईयुक्त, बालश्रम मुक्त र बालविवाह रहित नगरपालिका बनाउन आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गर्दै लगिनेछ।

१२४. नगर क्षेत्र भित्र भैरहेका विकास योजना, नगरका सार्वजनिक सम्पत्तिको संरक्षण गर्न, बजार अनुगमन लगायतलाई प्रभावकारी बनाउन प्रचलित कानुन बमोजिम नगर प्रहरीको व्यवस्थापन गरिनेछ।

१२५. कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा मार्फत कर्मचारीहरुलाई सेवा प्रति थप जिम्मेवार बनाई सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ।

१२६. राज्यको चौथो अगंको रहेको पत्रकारिता तथा संचार माध्यमलाई नगर क्षेत्रभित्र थप व्यवस्थित रुपमा समन्वय गर्नका लागि वर्गीकरण गरि आवश्यक समन्वय तथा प्रोत्साहन गरिने छ।

१२७. कर्मचारी तथा जनप्रतिनिधिहरुको स्वास्थ्य बीमा तथा दुर्घटना बीमा गरी जोखिमलाई न्यूनीकरण गर्ने नीति लिइनेछ। नगरपालिकाको दुर्गम क्षेत्रमा काम गर्न खटिने कर्मचारीहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ।

१२७. बैशाख २५ गते नगरपालिकाको स्थापना दिवस रचनात्मक क्रियाकलापहरु संचालन गरी गरिनेछ। सो अवसरमा नगरपालिकाको उत्कृष्ट करदाता सम्मान कार्यक्रम गरिनेछ।

१२८. नगरपालिका भित्र संचालित विभिन्न संचार माध्यमहरुलाई सुचीकृत एवं वर्गीकृत गरी लोक कल्याणकारी सूचना सबैलाई उपलब्ध गराउने एवं नगरपालिकाको विकास, समृद्धि र सकारात्मक समाचार एवम् तथ्यपरक आलोचनात्मक समेत समाचार सबैभन्दा बढी कभरेज गर्ने २ जना पत्रकारलाई पुरस्कार गर्ने नीति लिईनेछ।

१२९. नगरपालिकाका हरेक गतिविधिलाई सूचना प्रविधिसँग जोड्ने उद्देश्यका साथ आफ्नै अप्टिकल फाईबर प्रणाली सहित नगर क्षेत्रका १५ वटै वडामा सिसिटिभी जडान एवं एकीकृत सफ्टवेयर संचालनमा ल्याईनेछ।

सम्मानित सभाका सभासद ज्यूहरु,

मैले यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको तर्फब ाट आ.व. २०७९/२०८० को नीति तथा कार्यक्रम संक्षिप्त रुपमा प्रस्तुत गरिसकेको छु। समृद्ध कोहलपुर नगरपालिका निर्माणको हाम्रो अभियानमा नगरवासी सम्पूर्ण दाजुभाई दिदीबहिनीहरुले दिनु भएको साथ र सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। जनभावना अनुसार नै अघि बढ्ने हाम्रो परम्परा र प्रतिबद्धता रहेको छ।

यो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने नगरसभाका सदस्य, कर्मचारी, सबै राजनैतिक दल, विभिन्न संघ संस्था र महानुभावहरुप्रति हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु।

नगरको समग्र विकासको लागि सबैको अमूल्य सुझावको सदैव अपेक्षाका साथ उपस्थित सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख
(मितिः २०७९ असार ८ गते)

नगर उप–प्रमुख श्री संगिता सुवेदी बाट एघारौं नगरसभा प्रस्तुत
कोहलपुर नगरपालिकाको बजेट बक्तव्य

मितिः २०७९ असार ८

कोहलपुर नगरपालिकाको एघारौं नगरसभाका आदरणीय सभाध्यक्ष ज्यू,

यस सभामा उपस्थित नगर सभाका सम्पूर्ण सभासद् ज्युहरु म यहाँहरु सबैलाई हार्दिक अभिवादन गर्दै कोहलपुर नगरपालिकाको उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आ.व. २०७९/०८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आदरणीय सभाध्यक्ष ज्यू,

१. शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न र सबै खालका स्वतन्त्रताको आन्दोलनहरुमा वीरगति प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति सद्धासुमन अर्पण गर्न चाहन्छु।

२. नेपालको संविधान बमोजिम जनमत प्राप्त स्थानीय सरकारको उप-प्रमुखको हैसियतमा आगामी आ.व.२०७९।०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गरी रहँदा नगरको शिक्षा, स्वास्थ्य तथा मुलुकको आर्थिक, सामाजिक जीवनको सुरक्षाको प्रश्नले अत्यन्त गम्भीर छु। यस महामारीको संकटबाट सामान्य हुँदै गएको अवस्थालाई सामना गर्न सबै नगरबासीको साथ र सहयोगका लागि हार्दिक अनुरोध गर्न चहान्छु।

३. हालको आर्थिक रुपमा विषम परिस्थितिमा हामीलाई प्राप्त भएको सीमित स्रोतलाई सन्तुलित र प्रभावकारी परिचालनका माध्यमबाट समृद्धिको मार्गमा प्रस्थान गर्नुपर्ने महत्वपूर्ण लक्ष्य हाम्रो सामु आएको छ। यस लक्ष्यलाई प्राप्त गर्न कोहलपुर नगरपालिकाको आ.व.२०७९।०८० को अनुमानित आय-व्यय यस गरिमामय एघारौं नगरसभामा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेको छु।

४. बजेटका प्रचलित सिद्धान्त, मुल्य एवं मान्यताहरुलाई आत्मसाथ गर्दै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को अनुशरण गर्दै आ.व.२०७९।०८० को यो बजेटको खाका तयार गरीएको छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित राज्यका मार्ग निर्देशक सिद्धान्त तथा नीतिहरु, संविधानमा लिपिवद्ध मौलिक हकहरु, पन्ध्रौं राष्ट्रिय योजनाका प्राथमिकताहरु, प्रदेश सरकारको प्रथम आवाधिक योजनाका प्राथमिकताहरु, दिगो विकासका लक्ष्य तथा नेपाल सरकार र प्रदेश सरकारको नीति, मार्ग दर्शन र बजेट नीति तथा यस नगरपालिकाको प्रथम आवाधिक योजना र मध्यकालीन खर्च संरचनाका प्राथमिकताहरुलाई समेत आधारमानी यो बजेट तर्जुमा गरीएको छ।

५. कोभिड-१९ को आगामी दिनमा आउन सक्ने संभावित तेस्रो लगायत अन्य महामारीको रोकथाम, नियन्त्रण, उपचार, खोपको, निःशुल्क परिक्षण, क्वारिन्टिन, आईशोलेशन सेन्टर, कोभिड अस्पताल संचालन, कन्ट्याक्ट ट्रेसिङ्ग, जनशक्ति व्यवस्था, एम्बुलेन्स लगायत औषधी उपकरणको भरपर्दो व्यवस्था गर्न आवश्यक बजेट विनियोजन पेश गरेको छु।

६. आ.व.२०७९।०८० को वार्षिक नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकताका रुपमा रहेको स्वास्थ्य र शिक्षालाई आवश्यक पर्ने पर्याप्त बजेटको व्यवस्था गरिएको छ। कोहलपुर नगर स्वास्थ्य अस्पताल, वडाका स्वास्थ्य संस्थाको विकास तथा सम्वर्द्धन गरी नागरिकको घरदैलोमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि रु.१,३५,००,०००।- (एक करोड पैंतिस लाख रुपैंया) विनियोजन गरिएको छ। सर्पदंश उपचार केन्द्र र रेबिज रोगको उपचार सहयोगका लागि आवश्यक बजेटको व्यवस्था गरी कार्यक्रम संचालन गरिने छ।

७. सामाजिक, भाषिक तथा सांस्कृतिक विविधताले भरिपूर्ण यस सुन्दर कोहलपुर नगरीलाई धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रको रुपमा विकास गर्न सकिने उच्च सम्भावनायुक्त नगरको रुपमा विकास गरी नगरका जनताको आर्थिक समृद्धिमा सहयोग गर्ने कार्यभार हाम्रो सामु रहेको छ।

८. यस नगरपालिकामा यातायात, विद्युत खानेपानी, ढल निकास, संचार, स्वास्थ्य, शिक्षा लगायतका पूर्वाधारहरुको विकास योजनाबद्ध रुपमा गर्दै दलित, महिला, तेस्रालिंगी, आदिवासी जनजाति, थारु, मुस्लिम, मधेसी, मुक्त कमैया र कम्लहरीहरुको सशक्तिकरण र क्षमता विकासका कामहरुमा लगानी बढाउनु पर्ने अवस्था देखिन्छ। यसै वर्ष देखि मातृशिशु पोषण, महिला प्रजनन् स्वास्थ्य र बालबालिकालाई सफा पिउने पानीका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

९. विभिन्न कारणले बैदेशिक रोजगारीका अवसरहरु गुमाई फर्किएका नागरीकहरुलाई तत्काल रोजगारी सृजना गर्न कृषि तथा पशुपंक्षी पालन क्षेत्रमा लगानी प्रेरित गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ। युवा रोजगार, श्रम बैंक र युवाको जवानी कोहलपुरमा लगानी जस्ता कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१०. गरीब विपन्न तथा जेहेन्दार विद्यार्थी र सडक मजदुरका सन्ततीको शिक्षाको लागि नगर प्रमुख छात्रवृत्ति कोषको व्यवस्थाका लागि रु.१०,००,०००।- (दश लाख रुपैँया) बजेट विनियोजन गरेको छु।

११. नगर गौरव तथा नगर स्तरीय योजनाका रुपमा रहेका योजनाहरु मध्ये निर्धारित समयमा नै सम्पन्न हुन सक्ने आयोजना लामो दुरीको बसपार्क, कभर्डहल र भ्युटावर निर्माण सम्पन्न हुने गरी बजेटको व्यवस्था गरिएको छ।

१२. आ. व. २०७९।०८० को बजेटका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन्।

- कोहलपुरलाई शिक्षाको हबका रुपमा विकास गर्ने।
- डिजिटल कोहलपुरको प्रारुप तयार गर्ने।
- कोभिड-१९ तथा अन्य महामारी को रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको कार्य गर्ने।
- क्रमागत योजनाहरु सम्पन्न गर्ने।
- वैदेशिक रोजगारी गुमाएर आएका नागरिकहरुलाई स्वरोजगारीको श्रृजना गर्ने।
- कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन गर्ने।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सेवाको क्षमता अभिवृद्धि गर्ने।
- आधुनिक र व्यवस्थित सहरीकरण गर्ने।
- सक्षम र सुदृढ स्थानीय सरकार बनाई सुशासन तथा विधिपूर्वक सेवा प्रवाह गर्ने।

१३. आ.व. २०७९/०८० को बजेटका प्राथमिकताका आधारहरु यस प्रकार रहेका छन्।

- शिक्षा, स्वास्थ्य को विकास गरी सूचना प्रविधिको उच्चतम उपयोग गर्ने।
- रोग तथा महामारीको रोकथाम, नियन्त्रण र उपचार गर्ने।
- रोजगारीको सृजना गरी आर्थिक पुर्नउत्थान गर्ने।
- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने क्षेत्रमा राजस्व परिचालनमा योगदान पुऱ्याउने।
- स्थानीय श्रोत साधनमा आधारित भई विकास निर्माणमा जनसहभागितामा अभिवृद्धि गर्ने।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने।

- दिगो विकास लक्ष्य, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने ।
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।

आदरणीय सभाध्यक्ष ज्यु,

१४. आ.व. २०७९/०८० मा कोहलपुर नगरपालिकामा तपशिलमा उल्लेखित श्रोतहरुबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउदछु । जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

क) आन्तरिक राजस्व बाट रु.२०,३१,९५,०००।- (बीस करोड एकतिस लाख पन्चानब्बे हजार ।)

ख) संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम रु.५८,०१,००,०००।- (अन्ठाउन्न करोड एक लाख रुपैयाँ)

ग) प्रदेश सरकार बाट प्राप्त हुने अनुदान रकम रु.५,००,१६,०००।- (पाँच करोड सोह्र हजार रुपैयाँ) जम्मा रु.८३,३३,११,०००।- (त्रियासी करोड तेत्तिस लाख एघार हजार)

आ.व.२०७९/०८० को बजेटको स्रोत अनुमान तथा सिमा निर्धारण

क्र. सं.	श्रोतको अनुमान	आ.व ०७९।८० को अनुमान
१	सङ्घीय सशर्त-चालु	३०५३००००० । (तीस करोड त्रिपन्न लाख)
२	सङ्घीय सशर्त-पुँजीगत	४३१००००० । (चार करोड एकतीस लाख)
३	सघिंय समपुरक अनुदान	६०००००० । (साठी लाख)
४	सघिंय विशेष अनुदान	१५००००००। (एक करोड पचास लाख)
५	प्रदेश सशर्त	११००००००। (एक करोड दश लाख)
६	सङ्घीय समानीकरण	२१०७००००० । (एकाइस करोड सात लाख)
७	सङ्घीय राजश्व बाँडफाँट	१५०२८९००० । (पन्ध्र करोड दुइ लाख उनानब्बे हजार)
८	प्रदेश समानीकरण अनुदान	१२०१६००० । (एक करोड बीस लाख सोह्र हजार)
९	प्रदेश समपुरक अनुदान	२००००००० । (दुई करोड)
१०	प्रदेश विशेष अनुदान	७०००००० । (सत्तरी लाख)
११	सवारी साधन कर बाँडफाँट	१३००००००। (एक करोड तीस लाख)
१२	प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट (राष्ट्रिय वन)	१०००००० । (दश लाख)
१३	आन्तरिक श्रोत	२०३१९५००० । (बीस करोड एकतिस लाख पन्चानब्बे हजार)
१४	अल्या	१२०००००००। (बाह्र करोड)
१५	नगर विकास कोष (ऋण अनुदान)	५००००००० । (पाँच करोड)
जम्मा		**११६७६००००० ।**(एक अरब सोह्र करोड छयहत्तर लाख)

घ) नगर विकास कोषको ऋण अनुदान रु.५,००,००,०००।- (पाँच करोड रुपैंया)

ङ) संचित कोषमा मौज्दात हुन आउने अनुमान रु.१२,००,००,०००।- (बाह्र करोड रुपैंया) जम्मा रु.१७,००,००,०००।- (सत्र करोड रुपैंया) समेत गरी कुल जम्मा रु. १,१६,७६,००,०००।- (एक अरब सोह्र करोड छ्याहत्तर लाख रुपैंया) आय हुने लक्ष्य प्रस्ताव गरेको छु ।

जसको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।

१५) संघीय सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेट रु.३४,८४,००,०००।- चौंतिस करोड चौरासी लाख) र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेट रु.१,१०,००,०००।- एक करोड दशलाख रुपैंया) लाई बजेटमा कार्यक्रम क्रियाकलाप तथा रकम नै तोकि पठाइएकोले जे जस्तो अवस्थामा पालिकालाई बजेट तथा कार्यक्रम प्राप्त भएको सोही अनुसार नै यस बजेट तथा कार्यक्रम समावेश गरिएको छ ।

१६) माथि प्रस्तुत आय विवरण बमोजिमको कुल बजेट रु. १,१६,७६,००,०००।- (एक अरब सोह्र करोड छ्याहत्तर लाख रुपैयाँ) मध्य निःशर्त तर्फको बजेट रु.७१,०२,००,०००।- (एकहत्तर करोड दुई लाख रुपैयाँ) लाई बाँडफाँड गरी कुल बजेट रु. १,१६,७६,००,०००।- (एक अरब सोह्र करोड छ्याहत्तर लाख रुपैयाँ) लाई निम्न बमोजिमको क्षेत्रहरुमा प्रस्तावित बजेट पेश गरेको छु।

आ.व.०७९।८० को क्षेत्रगत रुपमा बिनियोजित बजेटको विवरणः				
क्र. सं.	**क्र. सं.**	**खर्च शीर्षक**	**अनुमानित विनियोजन (रु.)**	**कैफियत**
१	**प्रशासनिक खर्च**		**१७८०००००० । (सत्र करोड असीलाख)**	
२	**सामाजिक विकास**		**८५२००००० । (आठ करोड बाउन्न लाख)**	
	२.१	शिक्षा	६३५००००० (छ करोड पैंतिस लाख)	
	२.२	स्वास्थ्य	१३५००००० (एक करोड पैंतिस लाख)	
	२.३	महिला, बालबालिका तथा समाज कल्याण	१८५०००० (अठार लाख पचास हजार)	
	२.४	सामाजिक विकास शाखा	५२५०००० (बाउन्न लाख पच्चिस हजार)	
	२.५	आयुर्वेद	११००००० (एघार लाख)	
३	**आर्थिक विकास**		**१६००००० । (एक करोड साठी लाख)**	
	३.१	आर्थिक विकास शाखा	६००००० । (साठी लाख)	
	३.२	कृषि विकास	५००००० । (पचास लाख)	
	३.३	पशुपंक्षी तथा मत्स्य विकास	५००००० । (पचास लाख)	
४	**पूर्वाधार विकास**		**२८८६५०००० । (अठ्ठाइस करोड छयासी लाख पचास हजार)**	
	४.१	क्रमागत तथा बहुबर्षिय योजना	१४०१५०००० । (चौध करोड एक लाख पचास हजार)	
	४.२	ठुला भौतिक पुर्वाधार योजना	१११०००००० । (एघार करोड एक लाख)	
	४.३	म्याचिगं फन्ड	३०००००० । (तीन करोड)	
	४.४	भैपरि आउने पुँजीगत	७५००००० । (पचहत्तर लाख)	
५	**वातावरण तथा विपद् व्यवस्थापन**		**९९५०००० । (उनान्सय लाख पचास हजार)**	
	५.१	विपद् व्यवस्थापन	९९५०००० । (उनान्सय लाख पचास हजार)	
६	**वडा स्तरीय योजना**		**८३००००० । (आठ करोड तीस लाख)**	
७		**नगर स्तरिय चालु योजनाहरु**	**४९४००००० । (चार करोड चौरानब्बे लाख)**	
८		**सघिंय वित्तिय हस्तान्तरण**	**३६९४००००० । (छत्तिस करोड चौरानब्बे लाख)**	

	८.१	सर्घिय शसर्त कार्यक्रम	३४८४००००० । (चौतिस करोड चौरासी लाख)	
	८.२	सर्घिय समपुरक कार्यक्रम	६०००००० । (साठी लाख)	
	८.३	सर्घिय विशेष अनुदानतर्फका कार्यक्रमहरु	१५०००००० । (एक करोड पचास लाख)	
९		**प्रदेशवित्तिय हस्तान्तरण अर्न्तगत**	**३८००००००। (तीन करोड असी लाख**	
	९.१	प्रदेश शसर्त कार्यक्रम	११०००००० । (एक करोड दश लाख)	
	९.२	प्रदेश समपुरक कार्यक्रम	२००००००० । (दुई करोड)	
	९.३	प्रदेश अनुदानतर्फका कार्यक्रमहरु	७०००००० । (सत्तरी लाख)	
१०		**नगर विकास ऋण तर्फको कार्यक्रम**	५००००००० । (पाँच करोड)	
जम्मा			**११६७६००००० । (एक अर्ब सोह्र करोड छ्याहत्तर लाख)**	

१७) कुल जम्मा रु. २८,८६,५०,०००। (अठ्ठाइस करोड छ्यासी लाख पचास हजार रुपैंया) नगरपालिकाको नगर गौरवका कार्यक्रम, ठुला योजना, क्रमागत योजना, म्याचिङ्ग फण्ड, भैपरि आउने पूँजीगत योजनाहरुका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। यसका साथै सबै गाउँ बस्ती तथा टोलहरुमा सडक पुग्ने गरी आवश्यक बजेट प्रस्ताव गरेको छु।

१८) रोजगारी गुमाएर फर्किएका नागरिकहरुका लागि तत्काल रोजगारीका अवसरहरु सृजना गर्न कृषि र पशुपालन तथा अन्य उत्पादन मूलक क्षेत्रमा आवश्यक रकम विनियोजन गरेको छु।

१९) लामो समय देखि बसोबास गरिरहेका गाउँब्लकको जग्गा, अव्यवस्थित बसोबासी, भुमिहीन सुकुम्बासी तथा भुमिहीन दलितहरुलाई लालपुर्जा वितरण गर्नका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु।

२०) सबै क्षेत्रको सन्तुलित विकास होस भन्ने हेतुले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकूद, संस्कृति, पर्यटन लगायतका सबै क्षेत्रको विकासका लागि आवश्यकता अनुसार बजेट विनियोजन गरिएको छ।

२१) समाजमा उपेक्षित र उत्पीडित अवस्थामा रहेका तथा लक्षित वर्गहरु महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेसी, मुस्लिम, जेष्ठ नागरिक, अपाङ्ग लगायतको सशक्तिकरण र मुलप्रवाहीकरण का लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

२२) राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च राख्न र कार्यसम्पादनमा उत्प्रेरणा जगाउन फिल्ड भत्ता तथा प्रोत्साहन भत्ताको प्रस्ताव गरिएको छ।

२३) राज्यको चौथो अंग संचार जगतको उच्च सम्मान गर्दै स्थानीय सञ्चार माध्यमको विकास तथा संरक्षण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

२४) वातावरण तथा विपद् व्यवस्थापन, उद्धार तथा राहतका लागि विपद कोष र निःशुल्क टोल फ्रि नम्बर सञ्चालनका लागि आवश्यक रकम विनियोजन गर्नुका साथै बाढी तथा प्राकृतिक प्रकोपबाट हुने कटान नियन्त्रणका लागि तटबन्ध निर्माण गर्न आवश्यक बजेट प्रस्ताव गरेको छु।

२५) वातावरण संरक्षण, भू-संरक्षण र हरियाली प्रवर्द्धनका माध्यमबाट शहरी सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले वृक्षारोपण, वन विकास, पार्क निर्माण, चिल्ड्रेन पार्क, नर्सरी व्यवस्थापन लगायतका कार्यका लागि रकम विनियोजन गरेको छु।

२६) जनताहरुलाई वडा कार्यालयबाट दिइने सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न, आधारभूत स्वास्थ्य केन्द्र तथा वडा कार्यालयहरुको व्यवस्थापन, स्वास्थ्य मेसिनरी औजार, उपकरण, फोहरमैला व्यवस्थापन र अन्य भौतिक सामाग्रीहरु समेतको पर्याप्त व्यवस्था गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

२७) समग्र नगरको मुहार फेर्ने आयोजना (गेम चेन्जर प्रोजेक्ट) चप्परगौडी घुईयाबारी अन्तरप्रदेश सडक, कर्भड हल, अनर्तराष्ट्रिय क्रिकेट मैदान, सिटिहल, लामो दुरीको बसपार्क, रिङ्ग रोड, आधुनिक बधशाला, बाल अस्पताल, २५ शैयाको अस्पताल, शबदाह गृह र फोहोरमैला तथा दिशाजन्य लेदो पदार्थ प्रशोधन केन्द्र निर्माण कार्य गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

२८) नगरक्षेत्रमा उद्योगी व्यवसायीहरुको आवश्यक सुरक्षा प्रबन्ध गर्न र सडक दुर्घटना न्यूनीकरण गर्न सिसिटिभी जडान, ट्राफिक लाईट जडान, प्रहरी बिट निर्माण र नियमित सुरक्षा गस्तीको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

२९) प्रदुषण व्यवस्थापन तथा पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्न प्रथम चरणमा कोहलपुर नगरपालिकामा कार्यरत कर्मचारी-जनप्रतिनिधिलाई विद्युतीय सवारी साधन खरिदमा १५ प्रतिशत र विद्युतिय चुल्हो खरिदमा २५ प्रतिशत रकम सहकार्य गर्ने नीति लिइएको छ।

३०) आन्तरिक श्रोत परिचालन मार्फत आन्तरिक आय वृद्धि गर्न राजस्व संकलन कार्यलाई प्रभावकारी बनाउन करदाता शिक्षा, करदाता सम्मान, घुम्ती शिविर तथा अभियान लगायतका विभिन्न कार्यक्रमहरु संचालन गरीनेछ।

३१) विद्यालय स्वास्थ्य तथा सरसफाई शिक्षा, किशोरीलाई निःशुल्क स्यानिटरी प्याड वितरण र समुदायमा स्वास्थ्य जागरणका लागि स्थानीय स्वास्थ्य विज्ञ तथा चिकित्सा विद्यार्थी परिचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३२) बालविकास सहयोगी कार्यकर्ता (शिक्षक) अवकास, विद्यार्थी सहायक सामग्री वितरण, विद्यालय शैक्षिक सुधार शिक्षक दक्षता तालिम बालविकास र विद्यालय सुरक्षा तथा भौतिक पूर्वाधार निर्माण, स्वयंसेवक शिक्षक व्यवस्थापन, दरबन्दी मिलान, विद्यालयमा प्रविधि प्रयोग लगायतका शिक्षा क्षेत्रको विकास सम्वर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३३) खाद्य सुरक्षा तथा पोषण कार्यक्रम, उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमन लगायतका कार्यक्रमका र सुलभ खाना तथा खाजा घर सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३४) सामाजिक सुरक्षा, जेष्ठ नागरिक सम्मानका लागि तिर्थाटन लगायतका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३५) युवा उद्यमी विकास सहकारी क्षेत्रलाई व्यवस्थापन, स्वरोजगारमूलक कार्यक्रम, सीप तथा दक्षता विकासका साथै किशोरी तथा महिलालाई आत्म सुरक्षाका साथै सवारी चालक तालिम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३६) कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि गरी रोजगारी सृजना गर्न नष्लसुधार, कृत्रिम गर्भाधान, पशु बीमा, पशु सुत्केरी भत्ता, यान्त्रिकरण, कृषि पकेट क्षेत्र विकास, रैथाने बिउ संरक्षण र घरदैलो कृषि प्राविधिक सेवा उपलब्ध गराउनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। साथै पशुहाटबजार र कृषि बजारलाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३७)नगरपालिकाको विकासका लागि सद्भावना दुत नियुक्त, विज्ञहरुको नीति समूह गठन गरी भावि स्वरुप कस्तो हुने विषयमा दक्ष विज्ञको राय सुझाव लिई प्रारुप तयार पार्न देश विदेशमा रहेका व्यक्तिहरुलाई खुल्ला आव्ह्वान गरी उत्कृष्ट प्रारुप पेश गर्ने दक्ष विज्ञलाई उचित पुरस्कार प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३८)समग्र खेलकुद क्षेत्रको विकास गर्न, एक वडा एक खेल मैदान निर्माण र राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३९)मुख्य राजमार्गसँग जोडिएका सडक स्तरोन्नति, आकाशे पुल निर्माण, ढलनिकासको व्यवस्थापन गर्न लगायतका पूर्वाधार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४०)विपद् व्यवस्थापन, राहत तथा पुर्नस्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४१)प्रशासनिक भवन निर्माण, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, कर्मचारी व्यवस्थापन लगायत नगर प्रहरी भर्ना तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४२)हामीले ल्याएका कार्यक्रमहरु समयमै प्रभावकारी रुपमा सञ्चालन गर्न र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल गर्न यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सवै सरोकारवाला पक्षमा हार्दिक अनुरोध गर्दछु।

धन्यबाद।

संगिता सुवेदी
(उपप्रमुख)
कोहलपुर नगरपालिका

कोहलपुर नगरपालिकाको आर्थिक ऐन–२०७९

एघारौ नगरसभामा पेश भएको मिति : २०७९/०३/०८

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

(लुम्बिनी प्रदेश, नेपाल)

प्रस्तावना : कोहलपुर नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धि प्रस्ताव कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आन्तरिक आय संकलन प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा धारा २२८ को उपधारा (२) बमोजिम कोहलपुर नगरपालिकाको एघारौ नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :–** (१) यस ऐनको नाम "कोहलपुर नगरपालिकाको आर्थिक ऐन २०७९" रहेको छ।

२) यो ऐन २०७९ साल श्रावण १ गते देखि कोहलपुर नगरपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति कर** :– (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ। तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३. **भूमि कर** (**मालपोत**): कोहलपुर नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाईने छैन।

४. **घर जग्गा बहाल कर** : (१) कोहलपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

५. **व्यवसाय कर** : (१) कोहलपुर नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उप दफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले प्रत्येक आर्थिक वर्षमा वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत बिना कोहलपुर नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (५) मा तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनसूची (६) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि कारोबार भन्नाले विक्रेताले जारी गरेको बिल वा बिजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र कोहलपुर नगरपालिकाले कर लगाउँदा कारोबार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय ईजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **सवारी साधन कर** : (१) कोहलपुर नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम कोहलपुर नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (७) बमोजिम हुनेछ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट कोहलपुर नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन कर** : (१) कोहलपुर नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि कोहलपुर नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

९. **मनोरञ्जन कर** : (१) कोहलपुर नगरपालिका क्षेत्रभित्र संचालित सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थियटर संगीत, मनोञ्जन प्रदर्शन स्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ। तर प्रदेश कानून बनि नसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले अनुसूची (९) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ।

(२) उपदफा (१) बमोजिम कोहलपुर नगरपालिकाले उठाएको मनोरञ्जन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

१०. **बहाल बिटौरी शुल्क** : (१) कोहलपुर नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (१०) बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछः

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) कोहलपुर नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कोहलपुर नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोबारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ्ग शुल्क** : (१) कोहलपुर नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (११) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) कोहलपुर नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ। तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

(३) कोहलपुर नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ।

१२. **सेवा शुल्क, दस्तुर** : (१) कोहलपुर नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिप प्लायर, च्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवाशुल्क लगाउँदा सम्बन्धित नगरपालिका वा गाउँपालिकासँग समन्वय गरी लगाइनेछ।

(२) कोहलपुर नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शवदाह गृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन।

(३) कोहलपुर नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "**घ**" **वर्गको निर्माण** व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकि लगाइने र उठाइनेछ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१२) मा उल्लेख भए बमोजिम हुनेछ।

१३. **बिक्री तथा निकासी शुल्क** : (१) कोहलपुर नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ।

(२) कोहलपुर नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानी जन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कोहलपुर नगरपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१३) मा तोकिए बमोजिम हुनेछ।

(४) कोहलपुर नगर कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असुलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट गरिने छ।

१४. **घर जग्गा रजिष्ट्रेशन शुल्कः** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभए सम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१५. **दण्ड जरिवाना** : (१) कोहलपुर नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा २०५ जरिवाना सहित बक्यौता असुल गर्नेछ।

(२) कोहलपुर नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ।

(३) सार्वजनिक ठाउँमा निर्माण सामाग्री (ढुँगा, गिटी, बालुवा आदि) राखेमा प्रति ट्रिप रु.१,०००।-जरिवाना लिई सामान समेत जफत गरिनेछ।

१६. **कर छुट** : (१) शिक्षा तर्फ व्यवसाय तथा नविकरण शुल्क हटाई सामाजिक उत्तरदायित्व तर्फ निजहरुलाई नै जिम्मेवार हुने गरि नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सन्चालन गर्न प्रेरित गर्ने ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरण : लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सो का आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, बाचनालय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई कोहलपुर नगरपालिकाको नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक कोहलपुर नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन । यद्यपि अत्यावश्यक भई सभा बस्न नसकेको अवस्थामा कुनै निकाय वा व्यक्तिलाई कर छुट दिन परेमा कार्यपालिकाले निर्णय गरि छुट दिई अर्को सभाबाट अनुमोदन गराउन सकिनेछ ।

१७. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** : (१) कोहलपुर नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले नगर प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजस्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस (३५) दिनभित्र छानबिन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) कोहलपुर नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१८. **ठेक्का आह्वान गर्न सक्ने** : (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक-पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) कोहलपुर नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) कोहलपुर नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने छ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) तथा कार्यपालिका तथा नगरसभा निर्णय लाई आधार मानी गरिनेछ।

१९. **सहयोग गर्नुपर्ने** : संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले कोहलपुर नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

२०. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : कोहलपुर नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

२१. **कार्यविधि बनाउन सक्ने** : (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ।

२२. **व्यवसाय दर्ता तथा नविकरण शुल्क** : (१) अनुसूचीहरुमा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क, व्यवसाय शुल्क, व्यवसाय कर र नविकरण शुल्क वा दस्तुर एउटै हुनेछ।

२३. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

अनुसूची-१

(ऐनको दफा २ को उपदफा(२) संग सम्बन्धित)

सम्पत्ति करको दर

एकीकृत सम्पत्तिकरको दर निर्धारण

क्र.सं.	करयोग्यसम्पत्तिको मूल्य	आ.ब.२०७८/०७९ को वार्षिक कर	आ.ब.२०७९/०८० को वार्षिक कर
१	रु. १ लाख देखि कमलाई	रु.५।-	रु.५।-
२	रु. १ लाख देखि १० लाख सम्म	एक मुष्ट रु.१००।-	एक मुष्ट रु.१००।-
३	रु.१० लाख १ देखि ५० लाख सम्म	प्रतिलाख रु.३०।-	प्रतिलाख रु.३०।-
३	रु. ५०लाख १देखि १ करोड सम्म	प्रतिलाख रु.३५।-	प्रतिलाख रु.३५।-
४	रु.१ करोड १ देखि २ करोड सम्म	प्रति लाख रु.४०।-	प्रति लाख रु.४०।-
५	रु.२ करोड १ देखि ३ करोड सम्म	प्रति लाख रु.५०।-	प्रति लाख रु.५०।-
६	रु.३ करोड १ देखि ४ करोड सम्म	प्रति लाख रु.६०।-	प्रति लाख रु.६०।-
७	रु.४ करोड १ देखि ५ करोड सम्म	प्रति लाख रु.७०।-	प्रति लाख रु.७०।-
८	५ करोड देखि माथि जति सुकै भए पनि	प्रति लाख रु.८० ।-	प्रति लाख रु.८० ।-

अनुसूची-२

(ऐनको दफा ३ संग सम्बन्धित)

भूमीकर (मालपोत) को दर

१. मालपोत (भूमी कर) :

क्र.सं.	कर योग्य सम्पत्तिको मूल्य	आ.ब.२०७८/०७९ को वार्षिक कर	आ.ब.२०७९/०८० को वार्षिक कर
१	रु. १ लाख देखि कमलाई	रु.५।-	रु.५।-
२	रु. १ लाख देखि १० लाख सम्म	एक मुष्ट रु.१००।-	एक मुष्ट रु.१००।-
३	रु.१० लाख १ देखि ५० लाख सम्म	प्रतिलाख रु.३०।-	प्रतिलाख रु.३०।-
३	रु. ५०लाख १देखि १ करोड सम्म	प्रतिलाख रु.३५।-	प्रतिलाख रु.३५।-
४	रु.१ करोड १ देखि २ करोड सम्म	प्रति लाख रु.४०।-	प्रति लाख रु.४०।-
५	रु.२ करोड १ देखि ३ करोड सम्म	प्रति लाख रु.५०।-	प्रति लाख रु.५०।-
६	रु.३ करोड १ देखि ४ करोड सम्म	प्रति लाख रु.६०।-	प्रति लाख रु.६०।-
७	रु.४ करोड १ देखि ५ करोड सम्म	प्रति लाख रु.७०।-	प्रति लाख रु.७०।-
८	५ करोड देखि माथि जति सुकै भए पनि	प्रति लाख रु.८० ।-	प्रति लाख रु.८० ।-

अनुसूची-३

(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

घर जग्गा बहाल करको दर

१. आवासका लागि घर भाडामा लगाएका घरधनीहरुले मासिक घर बहालको रकममा १०% बहालकर भुक्तानी गर्नुपर्नेछ।

२. साना तथा खुद्रा किराना पसलका लागि घरबहाल कर १०% लाग्नेछ।

३. लेखा परिक्षण गर्ने, सरकारी तथा गैरसरकारी संघसंस्था, व्यवसायिक प्रयोजनार्थ घर भाडामा लगाएका घरधनीहरुले बहाल रकमको १०% घरबहाल कर भुक्तानी गर्नुपर्नेछ।

४. जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा १०% का दरले बहालकर लाग्नेछ।

पुनश्च :

१. साना तथा खुद्रा पसल भन्नातले स्थायी लेखा नम्बर भएका तर मूल्य अभिवृद्धि कर (VAT) दर्ता नभएका घरेलु तथा साना उद्योग कार्यालय र स्थानीय तहमा दर्ता भएका पसल तथा व्यवसायहरुलाई सम्झनु पर्दछ।

२. स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका घरेलु तथा साना उद्योग कार्यालय, स्थानीय तह र वाणिज्य कार्यालयमा दर्ता भएका पसल तथा व्यवसायीहरुलाई अन्य व्यवसायको रुपमा सम्झनु पर्नेछ।

अनुसूची–४

(ऐनको दफा ५ को उपदफा (३) संग सम्बन्धित)

व्यवसाय ईजाजत वा दर्ता दस्तुरको दर

कोहलपुर नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई निम्नानुसारको व्यवसाय इजाजत वा दर्ता दस्तुर लिई व्यवसाय दर्ता गरी व्यवसाय ईजाजत पत्र प्रदान गरिने छ। इजाजत प्राप्त व्यवसायीहरुले प्रत्येक आर्थिक वर्षमा वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

सि.नं.	व्यबसायको किसिम (लगानीको आधारमा)	आ.व.२०७८/०७९	आ.व.२०७९/०८०
१	**नाफामूलक व्यवसायप्रा.लि.** :		
	रु ५ लाखसम्म	रु.१,५००।-	रु.२,५००।-
	रु ५ लाख भन्दा माथी १० लाख सम्म	रु.२,०००।-	रु.३,०००।-
	रु १० लाख भन्दा माथी २५ लाख सम्म	रु.२,५००।-	रु.४,०००।-
	रु २५लाख भन्दा माथी ५० लाख सम्म	रु.३,५००।-	रु.५,०००।-
	रु ५० लाख भन्दा माथी १ करोड सम्म	रु.५,०००।-	रु.६,०००।-
	रु १ करोड भन्दा माथी ५ करोड सम्म	रु.७,५००।-	रु.१५,०००।-
	रु ५ करोड भन्दा माथि १ अरब सम्म लगानी भएको	रु.२०,०००।-	रु.२५,०००।-
२	**सेवामुलक व्यवसाय :**		
	राष्ट्रिय गैर सरकारी (National NGOs) संस्था (बाँके जिल्ला भन्दा बाहिर दर्ता भएको)	रू.१,५००।-	७०००।
	स्थानीय गैर सरकारी संस्था (Local NGOs/CBOs)(बाँके जिल्लामा दर्ता भएको)	रू.१,०००।-	५०००।
	अर्न्तराष्ट्रिय गैर सरकारी संस्था (INGOs)	रू.५,०००।-	रू.१०,०००।-
	उपभोक्ता समिति	रू.५००।-	रू.५००।-
	टोल विकास संस्था	रू.५००।-	रू.५००।-
	आमा समुह, क्लब	रू.५००।-	रू.५००।-
	सामुदायिक वन उपभोक्ता समुह	रू.१,०००।-	रू५,०००।-
	खानेपानी उपभोक्ता समिति	रू.५००।-	रू.५००।-
	माथि नपरेका अन्यलाई	रू.५००।-	रू.५००।-

नोट : अपाङ्ग व्यक्तिहरुद्वारा संचालन गर्ने तथा एकल महिलाद्वारा सन्चालित व्यवसायलाई व्यवसाय दर्ता शुल्कमा छुट हुनेछ।

अनुसूची-५

(ऐनको दफा ५ को उपदफा (५) संग सम्बन्धित)

व्यवसाय करको दर

सि.न.	व्यवसायको किसिम	आ.व. २०७८/०७९ को दर रु.	२०७९/०८० को दर रु.	कैफियत
१.	**पर्यटन उद्योग :**			
	एकतारे होटल	रु.३०,०००।-	रु.३०,०००।-	
	दुईतारे होटल	रु.३५,०००।-	रु.३५,०००।-	
	तिनतारे होटल	रु.४०,०००।-	रु.४०,०००।-	
	चारतारे होटल	रु.४५,०००।-	रु.४५,०००।-	
	पाँचतारे होटल	रु.५५,०००।-	रु.५५,०००।-	
	अन्य होटल तथा लज :			
	क श्रेणी	रू.१८,०००।-	रू.१८,०००।-	
	ख श्रेणी	रू.१०,०००।-	रू.१०,०००।-	
	ग श्रेणी	रू.३,०००।-	रू.३,०००।-	
	घ श्रेणी	रू.१,८००।-	रू.१,८००।-	
	ङ श्रेणी	रु.१,२००।-	रु.१,२००।-	
	च श्रेणी	रु.६००।-	रु.६००।-	
	छ श्रेणी	रु.२००।-	रु.२००।-	
	पार्टी प्यालेस	रु. ५,०००।-	रु.५,०००।-	
	फाष्टफूट तथा क्याफे	रु.१,०००।-	रु.१,०००।-	
	मिष्ठान तथा क्याटरिङ्ग पसल	रु.२,५००।-	रु.२,५००।-	
	टेन्ट हाउस, माइक डेकोरेशन तथा बैन्ड बाजा	रु.१,०००।-	रु.२,०००।-	
	कटेज	रु.१,०००।-	रु.२,०००।-	
	होमस्टे	रु.५,००।-	रु.५,००।-	
२.	**मिठाई तथा नास्ता पसल :**			
	क श्रेणीलाई (उच्च सुविधायुक्त एसी सहित भएको)	रु.५,०००।-	रु.५,०००।-	
	ख श्रेणीलाई (बसेर खान मिल्ने फर्निसिङ भएको)	रु.७५०।-	रु.७५०।-	
	ग श्रेणीलाई (क र ख मा उल्लेखित सुबिधा नभएको)	रु.४००।-	रु.४००।-	
	चिया, कफी, सामान्य नास्ता पसल	रु.२००।-	रु.२००।-	
	पुलहाउस तथा स्नुकर	रु.१,०००।-	रु.२,५००।-	
३.	**मासु तथा माछा पसल :**			
	प्याकिङ्ग माछा,मासु सप्लायर्स	रु.२,०००।-	रु.२,०००।-	
	कम्तीमा ३ वटा सेवा एकै स्थानमा भएको	रु.१,२००।-	रु.१,२००।-	
	राँगामासु पसल	रु.८००।-	रु.८००।-	
	बंगुर मासु पसल	रु.५००।-	रु.५००।-	
	खसीको फ्रेस हाउस	रु.८००।-	रु.८००।-	

	कुखुराको मासु बिक्रेता	रु.५००।-	रु.५००।-	
	माछा तथा सिद्रा	रु.३००।-	रु.३००।-	
	अण्डा थोक बिक्रेता	रु.६००।-	रु.६००।-	
	छाला संकलन	रु.१,०००।-	रु.१,०००।-	
४.	**फलफुल पसल, तरकारी पसल र पान पसल :**			
	फलफुल तथा तरकारी थोक पसल	रु.१,२००।-	रु.१,२००।-	
	फलफुल तथा तरकारी खुद्रा पसल	रु.५००।-	रु.५००।-	
	सामान्य ठेलामा राखी सागसब्जीको खुद्रा पसल	रु.३००।-	रु.३००।-	
	पान पसल	रु.३००।-	रु.३००।-	
	फलफुलको जुस उखुको रस बेच्ने पसल	रु.२००।-	रु.२००।-	
	शित भण्डार	रु.२,०००।-	रु.२,०००।-	
	कृषि हाट बजार	रु.२,०००।-	रु.२,०००।-	
५.	**गहना तथा सुन चाँदी पसल :**			
	क श्रेणीको सुन चाँदी पसल	रु. ५,०००।-	रु. ५,०००।-	
	ख श्रेणीको सुन चाँदी पसल	रु. २,५००।-	रु. २,५००।-	
	ग श्रेणीको सुन चाँदी पसल	रु. १,५०० ।-	रु. १,५०० ।-	
	घ कालीगढ पसल		रु १००० ।	
६.	**औषधी व्यवसाय :**			
	औषधी सुपर डिस्ट्रिब्युटर्स	रु.१०,०००।-	रु.१०,०००।-	
	औषधी थोक तथा डिस्ट्रिब्युटर्स	रु.६,०००।-	रु.६,०००।-	
	औषधी फुटकर विक्रेता डाक्टर सहितको क्लिनिक भएको	रु.२,५००।-	रु.२,५००।-	
	औषधी फुटकर विक्रेता डाक्टर सहितको क्लिनिक नभएको	रु.२,०००।-	रु.२,०००।-	
	क्लिनिक क श्रेणीलाई (रजिष्ट्रर्ड डाक्टर भएको)	रु.२५००।-	रु.२५००।-	
	क्लिनिक ख श्रेणीलाई (रजिष्ट्रर्ड डाक्टर नभएको)	रु.१,०००।-	रु.१,०००।-	
	प्याथोलोजी ल्याव	रु.१,०००।-	रु.१,०००।-	
	अल्ट्रासाउण्ड सेवा	रु.१,५००।-	रु.१,५००।-	
	एक्सरे सेवा	रु.१,०००।-	रु.१,०००।-	
	सिटी स्क्यान सेवा	रु.३,०००।-	रु.३,०००।-	
	चस्मा पसल	रु.५००।-	रु.५००।-	
	दाँत बनाउने क्लिनिक	रु.२,०००।-	रु.२,०००।-	
	होमियोप्याथिक पसल	रु.५००।-	रु.५००।-	
	एक्युपंचर उपचार केन्द्र	रु.५००।-	रु.५००।-	
	एग्रोभेट पसल थोक	रु.१,०००।-	रु.१,०००।-	
	एग्रोभेट पसल खुद्रा	रु.५००।-	रु.५००।-	
	सर्जिकल सामाग्रीको थोक बिक्रेता	रु.२,५००।-	रु.२,५००।-	
	सर्जिकल सामग्रीको खुद्रा बिक्रेता	रु.१,५००।-	रु.१,५००।-	

७	**आर्युवेदिक औषधालय :**			
	हर्बल उत्पादन तथा आर्युवेदिक थोक पसल	रु.२,०००।-	रु.२,०००।-	
	हर्बल तथा आर्युवेदिकको खुद्रा पसल	रु.५००।-	रु.५००।-	
	माईक द्वारा जडीबुटी विक्रि गर्ने	रु.२५।-प्रतिदिन	रु.२५।-प्रतिदिन	
८	**अस्पताल ,क्लिनिक तथा स्वास्थ्य प्रयोगशाला तथा पसललाई (गैह्र सरकारी अस्पतालतर्फ)**			
	२०० भन्दा वढी सैय्या भएको	रु.१,५०,०००।-	रु.१,५०,०००।-	
	१०० भन्दा वढी २०० सैय्या सम्म भएको	रु.१,००,०००।-	रु.१,००,०००।-	
	५० भन्दा बढी १०० सैय्या सम्म भएको	रु.५०,०००।-	रु.५०,०००।-	
	२५ देखि ५० सम्मा सैय्या भएको	रु.२०,०००।-	रु.२०,०००।-	
	२५ सम्म सैय्या भएको	रु.१०,०००।-	रु.१०,०००।-	
	मेरी स्टोप	रु.१०,०००।-	रु.१०,०००।-	
	पोलीक्लिनिक	रु.१०,०००।-	रु.१०,०००।-	
९.	**तम्बाकु तथा सुर्ती पसललाई**			
	चूरोट, विडी, सुर्तीजन्य पदार्थ(गुटका बाहेक)को डिलरलाई	रु.५,०००।-	रु.५,०००।-	
	चूरोट, विडी, सुर्तीजन्य पदार्थ(गुटका बाहेक)को थोक पसललाई	रु.३,०००।-	रु.३,०००।-	
	चूरोट, विडी, सुर्तीजन्य पदार्थ(गुटका बाहेक)को खुद्रा पसललाई	रु.१,०००।-	रु.१,०००।-	
१०.	**धोबी पसल तथा लाउण्ड्री व्यवसाय :**			
	ड्राई क्लिनर्स तथा लाउण्ड्री	रु.५००।-	रु.५००।-	
	साधारण धोवी	छुट	छुट	
११.	**सिलाई पसल :**			
	८ भन्दा बढी सिलाई मेशीन भएको	रु.१,०००।-	रु.१,०००।-	
	५ देखि ८ सिलाई मेशीन भएको	रु.५००।-	रु.५००।-	
	२ देखि ४ सम्मलाई मेशीन भएको	रु.३००।-	रु.३००।-	
	सिलाई मेशिन मर्मत पसल	रु.१,५००।-	रु.१,५००।-	
	१ थान सिलाई भएको	छुट	छुट	
१२.	**सैलुन तथा ब्यूटीपार्लर :**			
	१भन्दा वढी सीट भएको सैलुन तथा व्युटी पार्लर	रु.५००।-	रु.५००।-	
	ब्युटी पार्लर सेवा व्युटिशियन तालिम सहितको	रु.१,०००।-	रु.१,०००।-	
	सैलुन तथा पार्लर सेवा समेत भएको	रु.१,०००।-	रु.१,०००।-	
	१ सीट मात्र भएको	रु.२५०।-	रु.२५०।-	
१३.	**कस्मेटिक पसल**			
	कस्मेटिक थोक पसल	रु. ३,०००।-	रु. ३,०००।-	
	कस्मेटिक व्युटिपार्लर सहितको	रु. १,५००।-	रु. १,५००।-	

१४.	**ईलोक्ट्रोनिक्स बिक्रि पसल :**			
	मोवाईल कम्पनीको सेल्स उपशाखा,डिस्टिब्युर्टस	रु.४,०००।-	रु.४,०००।-	
	ईलोक्ट्रोनिक्सथोक पसल	रु.२,५००।-	रु.२,५००।-	
	ईलोक्ट्रोनिक्स खुद्रा पसल	रु.२,०००।-	रु.२,०००।-	
	खुद्रा मोवाइल विक्रेता	रु.२,०००।-	रु.२,०००।-	
	रेडीयो, घडी, क्यालकुलेटर मात्र विक्रि पसल	रु.१,०००।-	रु.१,०००।-	
	अडियो, भिडियो(फोटोग्राफी) पसल	रु.१,०००।-	रु.१,०००।-	
	मर्मत पसल(मोबाइल, ईलेक्टोनिक्स)लाई	रु.५००।-	रु.५००।-	
१५.	**विद्युत सामग्री पसल**			
	विद्युत सामग्री थोक पसल	रु.२,५००।-	रु.२,५००।-	
	विद्युत सामग्री खुद्रा पसल	रु.१,५००।-	रु.१,५००।-	
	विद्युत सामग्री मर्मत पसल	रु.५००।-	रु.५००।-	
१६.	**टेलिभिजन तथा क्यामरा पसल :**			
	थोक विक्रेता	रु.४,००० ।-	रु.४,००० ।-	
	खुद्रा विक्रेता	रु.१,७०० ।-	रु.१,७०० ।-	
१७.	**निर्माण व्यवसायी :**			
	घ वर्ग ईजाजत दस्तुर	रु.५४,०००।-	रु. ५४,०००।-	
	घ वर्गको इजाजत म्याद थप/नविकरण दस्तुर	रु.१०,०००।-	रु.१०,०००।-	
	घ वर्गको इजाजतपत्र प्रतिलिपी दस्तुर	रु.५,०००।-	रु.५,०००।-	
	घ वर्गको इजाजतपत्र नामसारी वा ठाउँसारी दस्तुर	रु.५,०००।-	रु.५,०००।-	
	(ग) वर्ग	रू.१२,०००।-	रू.१२,०००।-	
	(ख) वर्ग	रू.१५,०००।-	रू.१५,०००।-	
	(क) वर्ग	रू.२०,०००।-	रू.२०,०००।-	
१८.	**हवाई सेवा :**			
	हवाई सेवा प्रत्येक एयरलाईन्स	रू. ५०,०००।-	रू ५०,०००।-	
	टुर एण्ड ट्राभल्स एजेन्सी	रू. १,०००।-	रू.१,०००।-	
१९.	**कानून व्यवसायी :**			
	अभिकर्ता	रू. ५००।-	रू.५००।-	
	अभिवक्ता	रू. १,०००।-	रू १,०००।-	
	अधिवक्ता	रू. १,५००।-	रू.१,५००।-	
	वरिष्ठ अधिवक्ता	रु. २,०००।-	रु.२,०००।-	
२०.	**वित्तीय तथा सहकारी संस्था :**			
	'क'श्रेणी कारोबार गर्ने बैंक	रु. १०,०००।-	रु. ३५,०००।-	
	'ख'श्रेणी कारोबार गर्ने बैंक	रु. ९,०००।-	रु. ३०,०००।-	
	'ग'श्रेणी कारोबार गर्ने बैंक	रु. ८,०००।-	रु. २५,०००।-	
	'घ'श्रेणी कारोबार गर्ने बैंक	रु. ७,०००।-	रु. २०,०००।-	
	वीमा कम्पनी	रु. ५,०००।-	रु. १५,०००।-	
	विदेशी मुद्रा सटही काउण्टर, रेमिट सेवा	रू. २,०००।-	रू. ५,०००।-	

	सहकारी संस्था	रू. ३,०००।-	रू. ५,०००।-	
	साझा सहकारी संस्था	रू.२,०००।-	रू. ५,०००।-	
	महिला सहकारी संस्था	रु. २५०।-	रु. २५०।-	
	बहुउदेश्यिय सहकारी	रु. १,००० ।-	रु.५,०००।-	
	कृषि सहकारी	रु. ५००।-	रु. १०००।-	
	डेरी उद्योग	रु. ७००।-	रु. १०००।-	
२१.	**जुत्ता तथा चप्पल पसल :**			
	थोक विक्रेता	रु. २,०००।-	रु. २,०००।-	
	खुद्रा विक्रेता	रु. १,००० ।-	रु. १,००० ।-	
	शो रुममा राखी विक्री गर्ने	रु. ७००।-	रु. ७००।-	
	शो रुम भएको सानो पसल	रु. ५००।-	रु. ५००।-	
	आफै जुत्ता तयारी गरी विक्री गर्ने	रु. ३००।-	रु. ३००।-	
	पसल राखी मर्मत गर्ने	रु. २००।-	रु. २००।-	
	माथि उल्लेखित नभएका अन्य जुत्ता पसल	रु. २००।-	रु. २००।-	
२२.	**हेभी तथा लाईट गाडी मोटर पार्टस र मेसीनरी औजार पसल :**			
	बस, ट्रक, टेक्टर, तथा हेभी गाडी बिक्री पसल	रु. १२,०००।-	रु. १५,०००।-	
	लाईट गाडी, जीप, कार, विक्री पसल	रु. ९,०००।-	रु. १२,०००।-	
	मोटर साईकल, स्कुटर विक्री गर्ने पसल	रू. ६,५००।-	रू. १०,०००।-	
	रिक्सा बिक्री पसल	रु. २,०००।-	रु. ५,०००।-	
	अटो रिक्सा(पेटोल ईन्जिन) विक्री पसल	रु. २,५००।-	रु. ३,५००।-	
	ई रिक्सा तथा इ वाइक बिक्री पसल	रु. १,५०० ।-	रु. ५०० ।-	
	साइकल बिक्री पसल	रु. १,००० ।-	रु. २,००० ।-	
	साइकल मर्मत पसल	रु. २,०००।-	रु. १,०००।-	
	पम्पिङ, जनेरेटर, मिल विक्री पसल	रु. २,०००।-	रु. २,०००।-	
	हेभी बस, ट्रक इन्जिन मर्मत	रु. ५,२००।-	रु. ५,२००।-	
	जिप, कार ट्रेक्टर मर्मत तथा सर्भिसिङ्ग	रु. ३,२००।-	रु. ३,२००।-	
	मोटर साईकल मर्मत	रु. १,००० ।-	रु. १,००० ।-	
	रिकन्डिसन पसल वा व्यवसाय(चार पाग्रे)	रु. २,०००।-	रु. २,०००।-	
	रिकन्डिसन पसल वा व्यवसाय(दुई पाग्रे)	रु. १,००० ।-	रु. १,००० ।-	
२३.	**हेभी गाडी तथा लाईट गाडी को पार्टस विक्री पसल :**			
	क श्रेणी	रु. ३,०००।-	रु. ३,०००।-	
	ख श्रेणी	रू. २,०००।-	रू. २,०००।-	
	ग श्रेणी	रू. १,५००।-	रू. १,५००।-	
२४.	**टायर तथा मोविल बिक्रेता**			
	टायरको थोक विक्रेता	रु. ३,०००।-	रु. ३,०००।-	
	मोविल आयल डिलर विक्रेता	रू. २,०००।-	रू. २,०००।-	
	मोविल आयल खुद्रा विक्रेता	रू. १,५००।-	रू. १,५००।-	

२५.	**गाडी मर्मत सम्भार संवन्धी पसल**			
	बस ट्रकको वडी बनाउने कारखाना	रु. ३,१००।-	रु. ३,१००।-	
	व्याट्रि बिक्री तथा मर्मत कारखाना तथा पसल	रु. १,५००।-	रु. १,५००।-	
२६.	**कबाडी पसल तथा अन्य मर्मत पसल**			
	टायर मर्मत तथा रिसोलिङ	-	रु. १,०००।-	
	टायर मर्मत	रु. ५००।-	रु. ५००।-	
	इन्जिन ब्लक मर्मत पसल	रु. १,०००।-	रु. १,०००।-	
	पम्प मर्मत	रु. १,०००।-	रु. १,०००।-	
	रेडियटर मर्मत पसल	रु.४००।-	रु.४००।-	
	सिट, हुट बनाउने पसल	रु. ५००।-	रु. ५००।-	
	कवाडी सामान सङ्कलन तथा बिक्रि केन्द्र	रु. ५,०००।-	रु. ५,०००।-	
	कवाडी कर - प्रति ट्रक	रु.३,०००।-	रु ५,०००।-	
	कवाडी कर - प्रति मिनि ट्रक	रु.२,०००।-	रु.३,०००।-	
	कवाडी कर - प्रति ट्याक्टर	रु.१,५००।-	रु.२,०००।-	
	लेथ वेल्डीङ्ग भएको पसल	रु.१,०००।-	रु.१,०००।-	
२७.	**एजेन्सी तथा थोक विक्री पसल**			
	चुरोटको विडीको डिलर वा थोक पसल	रु. १०,०००।-	रु. १०,०००।-	
	चाउचाउ डिलर	रु. ३,१००।-	रु. ३,१००।-	
	साबुन डिलर	रु. २,६००।-	रु. २,६००।-	
	कोइला डिलर	रु. ६,१००।-	रु. ६,१००।-	
	प्लाष्टिक डिलर वा थोक बिक्रेता	रु. ३,०००।-	रु. ३,०००।-	
	प्लाष्टिक खुद्रा बिक्रेता	रु. १,००० ।-	रु. १,००० ।-	
	स्टील भाँडा डिलर	रु. १,६०० ।-	रु. १,६०० ।-	
२८.	**ईन्धन व्यवसायी :**			
	पेट्रोलियम पदार्थ २ वटा सम्म पम्प भएको	रु. ५,०००।-	रु. ५,०००।-	
	पेट्रोलियम पदार्थ १ वटा सम्म पम्प भएको	रु. ३,०००।-	रु. ३,०००।-	
	मट्टीतेल डिलर	रु. १,००० ।-	रु. १,००० ।-	
	ग्याँस सिलिण्डरको डिलर	रु. २,०००।-	रु. २,०००।-	
	ग्याँस सिलिण्डरको सब डिलर	रु. १,०००।-	रु. १,०००।-	
	विद्युतिय चार्जिगं स्टेशन		**रु १०००।**	
२९.	**मादक तथा अन्य पेय पदार्थः**			
	राष्टियस्तर डिस्टिव्युर्टस	रु. १०,०००।-	रु. १०,०००।-	
	क्षेत्रियस्तर डिस्टिव्युर्टस	रु. ७,०००।-	रु. ७,०००।-	
	जिल्लास्तर डिस्टिव्युर्टस	रु. ५,०००।-	रु. ५,०००।-	
	रक्सी, बियरको थोक बिक्रि पसल कोल्ड ड्रिङक समेत	रु. ८,०००।-	रु. ८,०००।-	
	रक्सी, बियरको खुद्रा बिक्रि पसल कोल्ड ड्रिङक समेत	रु. ५,०००।-	रु. ५,०००।-	
३०.	**हल्का पेय पदार्थ बिक्रि पसल**			
	कोल्ड ड्रिङकको पसल	रु. १,५०० ।-	रु. १,५०० ।-	

३१.	**हल्का पेय पदार्थ उत्पादन उद्योग :**			
	(मिनरल वाटर उद्योग) पानी उद्योग	रु.३,०००।-	रु.३,०००।-	
	पिउने पानी सप्लायर्स	रु.२,०००।-	रु.२,०००।-	
	आईस बरफ उद्योग	रु.१,०००।-	रु.१,०००।-	
	आईसक्रिम उद्योग	रु.१,०००।-	रु.१,०००।-	
	सोडा उद्योग	रु.१,०००।-	रु.१,०००।-	
३२.	**कलर ल्याब तथा फोटो स्टुडियो**			
	कलर ल्याब	रु. १,०००।-	रु. १,०००।-	
	फोटो स्टुडियो	रु. ५००।-	रु. ५००।-	
	नयाँ नियुक्ति अभिलेख वालविकास तर्फ	रु.५००।-	रु.५००।-	
३३.	**छापाखाना तथा अपसेट प्रिन्टिङ प्रेस :**			
	'क' श्रेणी (छापाखाना तथा अफसेट सबै भएको)	रु. २,०००।-	रु. २,०००।-	
	'ख' श्रेणी (छापाखाना वा अफसेट मध्ये कुनै एक मात्र राखेकोमा)	रु. १,५००।-	रु. १,५००।-	
	'ग' श्रेणी पत्रिका प्रकाशक	छुट	छुट	
	टान्सपोर्ट व्यवसाय	रु. २,२००।-	रु. २,२००।-	
३४.	**कपडा तथा रडिमेट फैन्सी पसल**			
	कपडा तथा फेन्सी हाउस ब्याग सहित थोक पसल	रू. ५,०००।-	रू ५,०००।-	
	कपडा तथा फेन्सी हाउस ब्याग सहित खुद्रा पसल	रू. १,०००।-	रू.१,०००।-	
	सुती कपडाको डिलर थोक विक्रेता	रु. १,५००।-	रु.१,५००।-	
	कपडा तथा रेडिमेट फेन्सी पसल	रु. १,०००।-	रु.१,०००।-	
	सुती कपडा खुद्रा विक्रेता	रु. ५००।-	रु.५००।-	
	ब्याग पसल थोक बिक्रेता	रू.१,५००।-	रू.१,५००।-	
	ब्याग पसल खुद्रा बिक्रेता	रू. ५००।-	रू.५००।-	
	धागो,टांक,फस्नर थोक पसल	रू. २,०००।-	रू.२,०००।-	
	धागो,टांक,फस्नर खुद्रा पसल	रू. १,०००।-	रू.१,०००।-	
३५	**स्टेसनरी तथा पुस्तक पसल :**			
	पुस्तक तथा स्टेसनरी डिलर	रू.५,०००।-	रू.५,०००।-	
	पुस्तक तथा स्टेसनरी थोक पसल	रु.२,५००।-	रु.२,५००।-	
	खुद्रा स्टेशनरी पसल	रु.१,०००।-	रु.१,०००।-	
	कापी उत्पादन र विक्री केन्द्र	रु.२,५००।-	रु.२,५००।-	
	कार्टुन निर्माण उद्योग	रु.३,०००।-	रु.३,०००।-	
३६.	**दैनिक उपभोगका बस्तु :**			
	खाद्यान्न सप्लायर्स	रु.३,०००।-	रु.३,०००।-	
	गल्ला थोक खरिद विक्रेता	रु.२,५००।-	रु.२,५००।-	
	खाद्यान्न तथा किरानाको थोक विक्रेता	रु.२,०००।-	रु.२,०००।-	
	खाद्यान्न तथा किरानाको खुद्रा पसल	रु.१,०००।-	रु.१,०००।-	
	भित्रि सडकमा रहेका साना किराना पसल	रु.७००।-	रु.७००।-	

	चिनी, मैदा, सलाई तथा ध्यूको प्रति डिलर	रु.१,०००।-	रु.१,०००।-	
	आलु, प्याज, लसुन,अदुवाको थोक विक्रेता	रु.१,५००।-	रु.१,५००।-	
	चुडि, पोतेको थोक विक्रेता	रु.६००।-	रु.६००।-	
	माथि उल्लेखित नभएको अन्य सबै डिलर तथा एजेन्सीहरु	रु.२,५००।-	रु.२,५००।-	
	अन्य खुद्रा बिक्री पसल	रु.५००।-	रु.५००।-	
	नोट : गल्ला किराना तथा निकात खाना पसलसंग कुनै डिलर भएमा डिलर र पसलको छुट्टाछुट्टै कर लाग्ने			
३७	**हार्डवेयर/मेशिनरी/पेन्ट/सेनेटरी पसल :**			
	क श्रेणीको हार्डवेयर पसल वा थोक विक्रेता	रु.५,०००।-	रु.५,०००।-	
	ख श्रेणीको हार्डवेयर पसल	रु.२,५००।-	रु.२,५००।-	
	ग श्रेणीको हार्डवेयर पसल	रु.१,५००।-	रु.१,५००।-	
	कर्कट पाताको डिलर	रु.३,०००।-	रु.३,०००।-	
	सिमेन्ट डिलर	रु.४,७००।-	रु.४,७००।-	
	कृषि मेशिनरी पसल	रु.२,०००।-	रु.२,०००।-	
३८.	**भाँडा पसल**			
	स्टिल भाँडा डिलर	रु.१,५००।-	रु.१,५००।-	
	भाँडाको थोक विक्रेता	रु.१,०००।-	रु.१,०००।-	
	भाँडाको फुटकर विक्रेता	रु.७५०।-	रु.७५०।-	
३९.	**सटरिङ तथा फर्मा व्यवसायी**			
	मिक्चर तथा सटरिङ्ग सामान भएको	रु.३,०००।-	रु.३,०००।-	
	सटरिङ्ग सामान मात्र भएको	रु.१,०००।-	रु.१,०००।-	
	मिक्चर मात्र भएको	रु.१,०००।-	रु.१,०००।-	
४०.	**कृषि फर्म तथा पशु आहारा उद्योग र ब्यापारी**			
	पशु आहर उद्योग (रु.५ करोड भन्दा माथिको लगानी)	रु.१०,०००।-	रु.१०,०००।-	
	पशु आहर उद्योग (५० लाख देखि माथिको रु.५ करोड सम्म लगानी)	रु.७,०००।-	रु.७,०००।-	
	पशु आहर साना उद्योग (रु.५० लाख सम्म लगानी)	रु.२,५००।-	रु.२,५००।-	
	पशु आहर बिक्रि केन्द्र	रु.१,००० ।-	रु.१,००० ।-	
	कृषि फर्म तथा पशुपन्छी उद्योग	रु.५००।-	रु.५००।-	
	कृषि तथा पशुपन्छी प्रा.लि. (रु. १ लाख देखि रु.५० लाख सम्म लगानी)	रु.२,५००।-	रु.२,५००।-	
	कृषि तथा पशुपन्छी प्रा.लि. (रु.५१ लाख देखि रु.१ करोड सम्म लगानी)	रु.५,०००।-	रु.५,०००।-	
	कृषि तथा पशुपन्छी प्रा.लि. (रु.१ करोड १ लाख देखि रु.२ करोड ५० लाख सम्म लगानी)	रु.७,०००।-	रु.७,०००।-	
	कृषि तथा पशुपन्छी प्रा.लि. (रु.५ करोड १ लाख देखि रु.१० करोड सम्म लगानी)	रु.१०,०००।-	रु.१०,०००।-	

४१.	**लेखा परीक्षण संस्थाहरु :**			
	क वर्गको C.A. र लेखापरिक्षक	रु. २,०००।-	रु. २,०००।-	
	ख वर्ग	रु. १,०००।-	रु. १,०००।-	
	ग वर्ग	रु. ५००।-	रु. ५००।-	
	घ वर्ग	रु.४००।-	रु.४००।-	
४७.	**संचार सेवा**			
	टेलिफोन, मोवाईल, ईन्टरनेट सेवा प्रदायक कम्पनी	रु.१०,०००।-	रु.१०,०००।-	
	टि.भि. च्यानल प्रशारण सेवा	रु.५,०००।-	रु.५,०००।-	
	केबुल च्यानल प्रशारण सेवा	रु.५,०००।-	रु.५,०००।-	
	एफ.एम. प्रशारण सेवा	रु.५००।-	रु.५००।-	
	पत्रपत्रिका प्रकाशन सेवा	रु.५००।-	रु.५००।-	
	फोटोकपी, पि.सि.ओ	रु ७००।-	रु.७००।-	
	कूरियर सेवाको मुख्य कार्यालय	रु.१,५००।-	रु.१,५००।-	
	कूरियर सेवाको शाखा कार्यालय	रु.१,००० ।-	रु.१,००० ।-	
४८.	**गैर सरकारी संस्था :**			
	राष्ट्रिय	रु.३,०००।-	रु.३,०००।-	
	अर्न्तराष्ट्रिय	रु.५,०००।-	रु.५,०००।-	
४९.	**कन्सलटेन्सी सेवा :**			
	कन्सल्टेन्सी, इन्जीनियरिङ तथा प्राविधिक सेवा	रु.५,०००।-	रु.५,०००।-	
५०.	**कंक्रिट उद्योग :**			
	कंक्रिट ब्लक, टायल, रिङ्ग आदि उत्पादक क श्रेणी	रु.५,०००।-	रु.५,०००।-	
	कंक्रिट ब्लक, टायल, रीङ्ग आदि उत्पादक ख श्रेणी	रु.१,५००।-	रु.१,५००।-	
	सेनेटरी उद्योग	रु.२,५००।-	रु.२,५००।-	
	ईटा भट्टा	रु.१०,०००।-	रु.१०,०००।-	
	पोल र ह्युमपाइप	रु.१०,०००।-	रु.१०,०००।-	
	नोट : क श्रेणी बार्षिक २५ देखि ५० लाख सम्मको कारोवार गर्ने ख श्रेणी बार्षिक २५ लाख भन्दा मुनिको कारोवार गर्ने			
५१.	**बिस्कुट तथा पाउरोटी उद्योग :**			
	विस्कुट, पाउरोटी तथा बेकरी उद्योग	रु.१,०००।-	रु.१,०००।-	
	विस्कुट पाउरोटी बेच्ने पसल	रु. ३००।-	रु. ३००।-	
५१.	**अगरबत्ती तथा मोमबत्ती उद्योग :**	रु. ५००।-	रु. ५००।-	
५२.	**स्टिल तथा फर्निचर उद्योग :**			
	स्टिल तथा आल्मुनियम सामग्रीका थोक पसल	रु.७,०००।-	रु.७,०००।-	
	स्टिल तथा आल्मुनियम खुद्रा बिक्रि पसल	रु.३,०००।-	रु.३,०००।-	
	काठ फर्निचर उत्पादन तथा विक्री थोक विक्रेता	रु.४,०००।-	रु.४,०००।-	
	काठ फर्निचर खुद्रा विक्री गर्ने	रु.१,५००।-	रु.१,५००।-	
	बेतबाँसको फर्निचर बिक्री	रु.५००।-	रु.५००।-	

	फोम तथा कार्पेट विक्री	रु.१,०००।-	रु.१,०००।-	
५३.	**तारजाली/ ग्याभिन जाली उद्योग**	रु.१०,०००।-	रु.१०,०००।-	
५४.	**टायर रिसोलिंड उद्योग :**	रु. ३,०००।-	रु.३,०००।-	
५५.	**स मिलः**			
	स–मिल तथा प्लाईउड उद्योग	रु.१०,०००।-	रु.१०,०००।-	
	काठ तथा प्लाईउड विक्री डिपो	रु.२,५००।-	रु.२,५००।-	
५५.	**कुटानी, पिसानी, पेलानी मिल :**			
	हलर मिल, चिउरा मिल, पेलानी, कुटानी, पिसानी, मसला मिल	रु.१,५००।-	रु.१,५००।-	
	कत्था मिल	रु.१०,०००।-	रु.१०,०००।-	
	बर्गीकरण : क श्रेणीमा आधुनिक सेलर पाईस प्लान्ट राखी चामल, दाल, पीठो पिसानी समेत भयकोलाई जनाउँछ । ख श्रेणीमा हलर हषकर र चक्की राखी पिठो, चामल, र तेल पेलानी समेट भएकोलाई जनाउँछ । ग श्रेणीमा मसला पिसने, कुटानी, पिसानी र पेलानी मध्ये कुनै एक भएको लाई जनाउँछ	रु.२,०००।- रु.१,०००।- रु.५००।-	रु.२,०००।- रु.१०००।- रु.५००।-	
५६.	**अन्य उद्योगः**			
	ठुला उद्योग	रु.२५,०००।-	रु.२५,०००।-	
	मझौला उद्योग	रु.१८,०००।-	रु.१८,०००।-	
	साना उद्योग	रु.११,०००।-	रु.११,०००।-	
	कृषिजन्य उद्योग	रु.५००।-	रु.५००।-	
	वर्गीकरणः ठुला उद्योग भन्नाले रु. ३ करोड भन्दा बढी पुँजि लगानी भएको । मझौला उद्योग भन्नाले रु. १ करोड देखि ३ करोड सम्म पुजि लगानी भएको । साना उद्योग भन्नाले रु. १ करोडसम्मा पुजि लगानी भएको । कृषिजन्य उद्योग भन्नाले कृषि तथा पशुजन्य पदार्थ उत्पादन वा स्थानीय कृषि उत्पादनबाट पुरै कच्चा पदार्थ उपयोग गर्ने उद्योग			
५७.	**ईन्जिनियरिङ वर्कसप :**			
	सप्लायर तथा मर्मत दुवै गर्ने	रु. १,५००।-	रु. १,५००।-	
	ग्रिल सटर दुवै बनाउने	रु.१,५००।-	रु.१,५००।-	
	ग्रिल वा सटर मध्ये कुनै एक बनाउने	रु.१,०००।-	रु.१,०००।-	
५८.	**जडीबुटी व्यवसाय :**			
	जडीबुटी प्रशोधन व्यवसाय तथा उद्योग	रु.१,०००।-	रु.१,०००।-	
	जडिबुटी विक्री वितरण	रु.५००।-	रु.५००।-	

५९.	**घरेलु उद्योग :**			
	टिनको बाकस तथा स्टिल दराज बनाउने उद्योग	रु.१,०००।-	रु.१,०००।-	
	तामा, ढलोटको र आल्मोनियमको भाँडा बनाउने	रु.१,५००।-	रु.१,५००।-	
	तामा, ढलोटको र आल्मोनियमको भाँडा बिक्री गर्ने	रु.१,०००।-	रु.१,०००।-	
	बारनेस तथा तारपेन तेल उत्पादन	रु.५,५००।-	रु.५,५००।-	
	डिस्टील वाटर तथा एसिड उत्पादन	रु.७५०।-	रु.७५०।-	
	सुपाडी काटी बिक्री गर्ने	रु.३००।-	रु.३००।-	
	छाता उद्योग	रु.५००।-	रु.५००।-	
	माथी उल्लेख नभएको घरेलु उद्योगहरु	रु.५००।-	रु.५००।-	
६०.	**प्लाष्टिक सामाग्री विक्रेता :**			
	थोक विक्रेता	रु.२,५००।-	रु.२,५००।-	
	खुद्रा विक्रेता	रु.१,०००।-	रु.१,०००।-	
६१.	**शिशा, फ्रेम र प्लाइउड विक्रेता:**	रु.३,०००।-	रु.३,०००।-	
६२.	**रंगरोगन पसल**			
	रंगरोगन सामान विक्री गर्ने डिलर	रु.३,०००।-	रु.३,०००।-	
	रंगरोगन सामान खुद्रा विक्री गर्ने	रु.२,०००।-	रु२,०००।-	
६३.	**सिलालेख पसल :**			
	सिलालेख लेख्ने	रु.५००।-	रु.५००।-	
६४.	**हाउजिङ तथा रियल स्टेट**			
	१ विघा सम्मको हाउजीङ कम्पनी तथा घरजग्गा खरीद विक्री तर्फ	रु.२५,०००।-	रु.२५,०००।-	
	१ विघा देखि ५ विघा सम्म हाउजीङ कम्पनी तथा घरजग्गा खरीद विक्री तर्फ	रु.५०,०००।-	रु.५०,०००।-	
	५ विघा देखि माथिको हाउजीङ कम्पनी तथा घरजग्गा खरीद विक्री तर्फ	रु.१००,०००।-	रु.१००,०००।-	
६५.	**विभिन्न कम्पनीका टेलिफोन तथा एफ एम रेडियो टावरहरुको बार्षिककर कम्पनी :**			
	नेपाल टेलिकम	रु.१०,०००।-	रु.१०,०००।-	
	निजि मोबाइल कम्पनीबाट एन.सेल, यू.टि.एल. र स्मार्ट सेट	रु.१०,०००।-	रु.१०,०००।-	
	एफ.एम. रेडियो १०० मेगावाट सम्म	रु.५,०००।-	रु.५,०००।-	
	एफ.एम. रेडियो १०० मेगावाट भन्दा माथि	रु.१,००० ।-	रु.१,००० ।-	
६६.	**डिर्पाटमेन्टल पसल**			
	डिर्पाटमेन्टल पसल र सपिङ्ग सेन्टर श्रेणी क	रु.१०,०००।-	रु.१०,०००।-	
	डिर्पाटमेन्टल पसल र सपिङ्ग सेन्टर श्रेणी ख	रु.३,०००।-	रु.३,०००।-	
	डिर्पाटमेन्टल पसल वा स्टोर	रु.१,५००।-	रु.१,५००।-	

	१.क श्रेणि भन्नाले आफ्नो भवन वा भाडामा लिइ पसल व्यवसाय संचालन गरेको । सुपर मार्केट सहित तथा फिल्महल सुविधा भएको। जसमा भाटभटेनी स्तर भएकोलाई जनाउनेछ। २.ख श्रेणि भन्नाले आफ्नो भवन वा भाडामा लिइ पसल व्यवसाय संचालन गरेको। सुपर मार्केट सहितको सुविधा भएको तर फिल्महलको सुविधा नभएकोलाई जनाउनेछ । ३. डिपार्टमेन्टल पसल वा स्टोर भन्नाले क र ख श्रेणिको सुविधा नभएकोलाई जनाउनेछ।			
६७.	**फुल बिरुवा विक्रि पसल :**			
	नर्सरी बिरुवा उत्पादन तथा बिक्री	रु.५००।-	रु.५००।-	
	फूल बिक्रि पसल	रु.३००।-	रु.३००।-	
६८.	**अन्य व्यापार तथा व्यवसाय :**			
	पार्क तथा पिकनिक स्पट	रु.१,०००।-	रु.१,०००।-	
६९.	**उर्जामुलक उद्योग तर्फ :**			
	सोलार पावर	रु.१,०००।-	रु.१,०००।-	
	गोवर ग्याँस	रु.५००।-	रु.५००।-	
	विज्ञापन सेवा फर्म कम्पनी	रु.१,०००।-	रु.१,०००।-	
	बैदेशिक रोजगार व्यवसाय	रु.५,०००।-	रु.५,०००।-	
	खेलौना उपहार गुडिया बिक्रेता	रु.५००।-	रु.५००।-	
	आयुर्वेद औषधालय(कविराज, वैद्य)	रु.५००।-	रु.५००।-	
	इञ्जिनियर	रु.१,०००।-	रु.१,०००।-	
	कम्प्युटर एनालसिस्ट तथा प्रोग्रामर	रु.१,५००।-	रु.१,५००।-	
	वीमा एजेन्ट	रु.५००।-	रु.५००।-	
	अनुवादक	रु.५००।-	रु.५००।-	
	पशु चिकित्सक उपचार क्लिनिक	रु.१,०००।-	रु.१,०००।-	
	पेन्टर	रु.१,०००।-	रु.१,०००।-	
	सामुदायिक वन उपभोक्ता समिति	रु.१,०००।-	रु.१,०००।-	
	सिंचाई उपभोक्ता समिति वा समुह	रु.५००।-	रु.५००।-	
	माथि उल्लेख नभएको	रु.५००।-	रु.५००।-	

७०. शिक्षातर्फको व्यवसाय कर

७०.१.व्यवसाय दर्ता / नवीकरण कर तथा शुल्क

शिक्षा तर्फ व्यवसाय तथा नवीकरणा शुल्क हटाई सामाजिक उत्तरदायित्व तर्फ निजहरुलाई नै जिम्मेवार हुने गरि नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सन्चालन गर्न प्रेरित गर्ने ।

७१. अन्य दस्तुर तथा सेवा शुल्क

क्र. स.	विवरण	आ.व.२०७८/०७९ को दर रु.	आ.व ०७९।८० को दर रु	कैफियत
क	**प्रशासनिक सेवा तर्फको शुल्क**			
१	सामुदायिक विद्यालयका शिक्षकहरुको सरुवा सहमति पत्र	रु.१,०००।-	रु.१,०००।-	
२	शिक्षक वा कर्मचारी पदपूर्ति विज्ञापन अनुमति शुल्क	रु.५००।-	रु.५००।-	
३	विद्यालयको विवरण प्रमाणित शुल्क	रु.२५०।-	रु.२५०।-	
४	सामुदायिक वा संस्थागत विद्यालय/ पठनपाठनको माध्यम भाषा / विषय प्रमाणित शुल्क	रु.२५०।-	रु.२५०।-	
५	लेखा परीक्षक निवेदन शुल्क	रु.१०००।-	रु.१०००।-	
६	ग्रेडसिटमा व्यक्तिगत विवरण (नामथर/जन्ममिति) सच्याउने शुल्क	रु.२५०।-	रु.२५०।-	
७	ग्रेडसिटको प्रतिलिपि (कपी अफ ओरिजिनल) लिने शुल्क	रु.२५०।-	रु.२५०।-	
८	कक्षा ८ को परीक्षा रजिस्ट्रेसन शुल्क (प्रति विद्यालय)	रु. ५००।-	रु. ५००।-	
९	परीक्षा प्रवेशपत्रको प्रतिलिपि लिने शुल्क	रु.१००।-	रु.१००।-	
१०	बाहिर स्थापना भई कोहलपुर नगरपालिकामा आई काम गर्ने शैक्षिक संस्थालाई दर्ता / अनुमति शुल्क	रु.५००।-	रु.५००।-	
ख	**शैक्षिक संस्था सञ्चालन गर्ने अनुमतिको शुल्क**			
१	सामुदायिक/आङ्गिक क्याम्पस	रु.५,०००।-	रु.५,०००।-	
२	निजी/संस्थागत/कम्पनी दर्ता (प्रा.लि.) क्याम्पस	रु.१५,०००।-	रु.१५,०००।-	
३	सामुदायिक आधा र भूत तह (कक्षा १-८ सम्म)	रु.१,५००।-	रु.१,५००।-	
४	सामुदायिक तर्फ मा.वि.तहको (कक्षा ९ र १० सम्म)	रु.२,५००।-	रु.२,५००।-	
५	सामुदायिक तर्फ मा.वि.तहको (कक्षा ११ र १२ सम्म)	रु.३,५००।-	रु.३,५००।-	
६	संस्थागत विद्यालय–कक्षा१-८(क वर्ग)	३०,०००।-	३०,०००।-	
७	संस्थागत विद्यालय–कक्षा१-८(ख वर्ग)	२५,०००।-	२५,०००।-	
८	संस्थागत विद्यालय–कक्षा१-८(ग वर्ग)	२०,०००।-	२०,०००।-	
९	संस्थागत विद्यालय–कक्षा१-८(घ वर्ग)	१५,०००।-	१५,०००।-	
१०	संस्थागत विद्यालय–कक्षा९-१०(क वर्ग)	रु.४५,०००।-	रु.४५,०००।-	
११	संस्थागत विद्यालय–कक्षा९-१०(ख वर्ग)	रु.४०,०००।-	रु.४०,०००।-	

१२	संस्थागत विद्यालय–कक्षा९-१०(ग वर्ग)	रु.३५,०००।-	रु.३५,०००।-	
१३	संस्थागत विद्यालय–कक्षा९-१०(घ वर्ग)	रु.३०,०००।-	रु.३०,०००।-	
१४	संस्थागत विद्यालय–कक्षा११-१२(क वर्ग)	रु.६०,०००।-	रु.६०,०००।-	
१५	संस्थागत विद्यालय–कक्षा११-१२(ख वर्ग)	रु.५५,०००।-	रु.५५,०००।-	
१६	संस्थागत विद्यालय–कक्षा११-१२(ग वर्ग)	रु.५०,०००।-	रु.५०,०००।-	
१७	संस्थागत विद्यालय–कक्षा११-१२(घ वर्ग)	रु.४५,०००।-	रु.४५,०००।-	
१८	परीक्षा तयारी/ भाषा/ कम्प्युटर/ सङ्गीत / ड्राइभिङ / फाइन आर्ट / खेलकुद / मन्टेसरी शिक्षण आदिजस्ता शैक्षिक ज्ञान / सिप प्रशिक्षण केन्द्र	रु.५,०००।-	रु.५,०००।-	
१९	व्यावसायिक तथा प्राविधिक प्रशिक्षण/ तालिम केन्द्र (टेक्निकल एसिस्टेन्ट लेभलका सबै)	रु.१०,०००।-	रु.१०,०००।-	
२०	सामुदायिक पुस्तकालय/ सङ्ग्रहालय/ वाचनालय/ प्रयोगशाला आदिजस्ता अध्ययन सिकाइ वा स्रोत केन्द्र	रु.१,०००।-	रु.१,०००।-	
२१	शैक्षिक अवलोकन (प्रदर्शनीस्थल/ शैक्षिक पार्क/आईटी पार्कआदि) केन्द्र	रु.१०,०००।-	रु.१०,०००।-	
२२	सामुदायिक/ अङ्गिक क्याम्पस	रु.५,०००।-	रु.५,०००।-	
२३	निजी क्याम्पस	रु.७०,०००।-	रु.७०,०००।-	
२४	छात्रावास (महिला र पुरुष दुवै)	रु.१०,०००।-	रु.१०,०००।-	
२५	शैक्षिक सेवा तथा परामर्श केन्द्र (सामुदायिक)	रु.२,०००।-	रु.२,०००।-	
२६	शैक्षिक सेवा तथा परामर्श केन्द्र (निजी)	रु.५,०००।-	रु.५,०००।-	
२७	धर्म समुदायका परम्परागत पढाइ सिकाइ केन्द्र	रु.२,०००।-	रु.२,०००।-	
ग	**शैक्षिक संस्था खोल्ने आवेदन शुल्क**			
१	पूर्वप्राथमिक विद्यालय	रु.५००।-	रु.५००।-	
२	सामुदायिक विद्यालय (कक्षा १-१२)	रु.२००।-	रु.२००।-	
३	संस्थागत विद्यालय (कक्षा १-१२)	रु.१,०००।-	रु.१,०००।-	
४	ट्युसन केन्द्रहरु/कोचिङ्ग सेन्टर/ तालिम केन्द्र	रु.५००।-	रु.५००।-	
५	निजी र सामुदायिक प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सम्बन्धी लामो छोटो सबै अवधिका तालिम संचालन गर्ने केन्द्रहरु	रु.१,५००।-	रु.१,५००।-	
६	संस्थागत पूर्वप्राथमिक विद्यालय (मन्टेसरी, किन्डर गार्टेन, शिशु स्याहार केन्द्र, बालविकास केन्द्र)	रु.५००।-	रु.५००।-	
७	सामुदायिक पूर्व प्राथमिक विद्यालय (मन्टेसरी, किन्डर गार्टेन, शिशु स्याहार केन्द्र, बालविकास केन्द्र)	रु.५००।-	रु.५००।-	
८	निजी र सामुदायिक प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सम्बन्धि लामो छोटो सबै अवधिका तालिम संचालन गर्ने केन्द्रहरु	रु.२,०००।-	रु.२,०००।-	

९	ट्युसन/कोचिङ्ग सेन्टर / प्रशिक्षण केन्द्र / तालिम केन्द्र (साना) खोल्ने आवेदन शुल्क	रु.१,०००।-	रु.१,०००।-	
१०	साइबर केन्द्र	रु.१,०००।-	रु.१,०००।-	
११	पुस्तकालय/सङ्ग्राहलय/वाचनालय/प्रयोगशाला/प्रर्दशनी केन्द्र/मनोरञ्जन स्थल (साना) खोल्न	रु.५००।-	रु.५००।-	
१२	छात्रावास	रु.५००।-	रु.५००।-	
१३	पोलीटेक्निकल इन्स्टिच्युट प्रशिक्षण केन्द्र	रु.१,०००।-	रु.१,०००।-	
१४	नर्सिङ्ग, सि.एम.ए. र एच.ए. प्रशिक्षण केन्द्र	रु.१,५००।-	रु.१,५००।-	
१५	कम्प्यूटर, इलेक्ट्रोनिक तालिम, भाषा शिक्षा, ट्यूसन सेन्टर, सवारी साधन तालिम केन्द्र	रु.५००।-	रु.५००।-	
१६	डान्स, जिमखाना, फिटनेस सेन्टर	रु.५००।-	रु.५००।-	
१७	सि.टि.ई.भि.टी. बाट अनुमति प्राप्त प्रशिक्षण केन्द्र	रु.५००।-	रु.५००।-	
१८	शैक्षिक सेवा/परामर्श प्रदान गर्ने संस्था	रु.५००।-	रु.५००।-	
१९	जनशक्ति विकास सम्बन्धी प्रशिक्षण केन्द्र	रु.५००।-	रु.५००।-	
२०	सामुदायिक/आङ्गिक क्याम्पस खोल्ने आवेदन शुल्क	रु.५,०००।-	रु.५,०००।-	
२१	निजी/संस्थागत/कम्पनी दर्ता (प्रा.लि.) क्याम्पस	रु.१५,०००।-	रु.१५,०००।-	
घ	**कक्षा थपतर्फ (सामुदायिक)**			
१	कक्षा १-८ प्रति कक्षा	रु.५००।-	रु.५००।-	
२	कक्षा ९ र १० प्रति कक्षा	रु.१,०००।-	रु.१,०००।-	
३	कक्षा ९ र १० प्रति कक्षा	रु.१,५००।-	रु.१,५००।-	
४	कक्षा ११ र १२ प्रति कक्षा	रु.५,५००।-	रु.५,५००।-	
ङ	**कक्षा थप तर्फ (संस्थागत)**			
१	कक्षा थप १-८ क वर्ग	रु.१५,०००।-	रु.१५,०००।-	
२	कक्षा थप १-८ ख वर्ग	रु.१२,०००।-	रु.१२,०००।-	
३	कक्षा थप १-८ ग वर्ग	रु.१०,०००।-	रु.१०,०००।-	
४	कक्षा थप १-८ घ वर्ग	रु.८,०००।-	रु.८,०००।-	
५	कक्षा थप ९-१० क वर्ग	रु.२०,०००।-	रु.२०,०००।-	
६	कक्षा थप ९-१० ख वर्ग	रु.१७,०००।-	रु.१७,०००।-	
७	कक्षा थप ९-१० ग वर्ग	रु.१५,०००।-	रु.१५,०००।-	
८	कक्षा थप ९-१० घ वर्ग	रु.१०,०००।-	रु.१०,०००।-	
९	कक्षा थप ११-१२ क वर्ग	रु.२५,०००।-	रु.२५,०००।-	
१०	कक्षा थप ११-१२ ख वर्ग	रु.२०,०००।-	रु.२०,०००।-	
११	कक्षा थप ११-१२ ग वर्ग	रु.१५,०००।-	रु.१५,०००।-	
१२	कक्षा थप ११-१२ घ वर्ग	रु.१०,०००।-	रु.१०,०००।-	
च	**विद्यालयको नाम परिवर्तन (सामुदायिक)**			
१	सामुदायिक विद्यालय (कक्षा १-८) प्रति कक्षा	रु.१,०००।-	रु.१,०००।-	
२	सामुदायिक विद्यालय (कक्षा ९ र १०) प्रति कक्षा	रु.१,५००।-	रु.१,५००।-	

३	सामुदायिक विद्यालय (कक्षा ११ र १२) प्रति कक्षा	रु.२,५००।-	रु.२,५००।-	
छ	**विद्यालयको नाम परिवर्तन (संस्थागत)**			
१	कक्षा १-८ क वर्ग	रु.१५,०००।-	रु.१५,०००।-	
२	कक्षा १-८ ख वर्ग	रु.१२,०००।-	रु.१२,०००।-	
३	कक्षा १-८ ग वर्ग	रु.१०,०००।-	रु.१०,०००।-	
४	कक्षा १-८ घ वर्ग	रु.८,०००।-	रु.८,०००।-	
५	कक्षा ९-१० क वर्ग	रु.२०,०००।-	रु.२०,०००।-	
६	कक्षा ९-१० ख वर्ग	रु.१७,०००।-	रु.१७,०००।-	
७	कक्षा ९-१० ग वर्ग	रु.१५,०००।-	रु.१५,०००।-	
८	कक्षा ९-१० घ वर्ग	रु.१०,०००।-	रु.१०,०००।-	
